


छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

मंगलमय शुभकामना
हिन्दूहरुको महानचाड वडा दशैंको पावन अवसरमा सम्पूर्ण पाठक, श्रोता, दर्शक, विज्ञापनदाता, शुभेच्छुक, सञ्चारकर्मी, कर्मचारीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौ।
जनकपुर टुडे राष्ट्रिय दैनिक | रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
परिवार, जनकपुरधाम

**सूचनाः** वडा दशैंको अवसरमा जनकपुर टुडे राष्ट्रिय दैनिकको कार्यालय मिति २०८१ आश्विन २४ गतेदेखि विदा रहकोले आगामी अंक कात्तिक १ गते विहीबार प्रकाशति हुनेछ। *–प्रकाशक*

वर्ष २६ •अंक १४४ • २०८१ साल आश्विन २४ गते विहीबार (10 October, Thursday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–

# कानुन तोड्नेको धर्नामा कानुन मन्त्री

## मेयरले माफी माग्नु पर्ने भन्दै पूर्व मेयर सरावगीको अडान, एमालेमा विवाद

**अनिल तिवारी**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहमाथि कारबाहीको माग गर्दै तेश्रो दिनदेखि रिले अनशन गरिएको छ। स्थानीय प्रशासनसंग मेयर राजेशमान सिंहलाई कारबाही गर्न माग गर्दै सोमबार देखि अलौंवासीले रिले अनशन थालेका छन् । मेयर राजेशमान सिंहले सोमबार स्थानीयसंग गरेका अभद्रता, गुण्डागर्दी शैलीको विरोधमा अलौंवासीले तेश्रो दिन पनि रिलेअनसनलाई जारी राखेका छन् ।

वीरगञ्जको मेयरको गुन्डागर्दी र अभद्र व्यवहारविरुद्ध सोमबारदेखि थालिएको रिलेअनशनमा नेपाली कांग्रसका संघीय मन्त्री लगायत स्थानीय एमालेका नेताहरु समेत एक्यबद्धता जनाएका छन् ।

बुधबार बिहान रिले अनशनमा पुगेका कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजय कुमार चौरसियाले घटनाको बारेमा सबै जानकारी लिएका छन् । मन्त्री चौरसियाले नेपाली कांग्रेसका नेता कार्यकर्ता मात्र नभइ कुनै पनि ज्येष्ठ नागरिकसंगको अभद्र व्यवहार गलत भएको बताए । सो घटनाको बारेमा जानकारी लिनुका साथै रिले अनशन स्थलमा पुग्नु भन्दा पहिला डुबान क्षेत्र समेतको निरीक्षण मन्त्री चौरसियाले गरेका थिए।

सयौं विघा डुबानमा परेको बहुअरी, आठराहा ,श्रीसिय र सुगौली आफ्नो संसदीय क्षेत्र भएकोले पनि समस्याबारे आफू चिन्तित रहेको बताउँदै समाधानको लागि सबैसंग छलफल समेत गरेको मन्त्री चौरसियाले बताए । अलौंलगायत समस्याग्रस्त चारवटा वडा अध्यक्षहरुसंग सम्वाद गर्दै डुबानक्षेत्रको पानि निकासको लागि सकारात्मक पहल भएको उनको भनाइ छ।



वीरगञ्ज महानगरपालिकाको सयौं विघा जग्गा डुबानमा परेका स्थानीयहरुले पानीको मुहान खोलाउन पहल गर्न महानगरपालिकालाई गुहारेपछि विवाद चर्किएपछि कुटाकुट भएको थियो । त्यसपछि मयेर राजेशमान सिंहले कांग्रसीजनसंग गरेको व्यवहारको चौतर्फी विरोध भएको छ।

नेपाली कांग्रेस पर्साका जिल्ला सभापति जनार्दन सिंह क्षेत्रीका नातेदार र पुरानो कांग्रेसी घरानिया लामिछाने परिवारमाथि मेयर सिंहले गरेको दुर्व्यवहारको घटनाले नेपाली कांग्रेस पर्सामा आक्रोश बढ्दै गएको छ । रिले अनशनमा दिउँसो पुगेका सविधानसभा सदस्य राजेन्द्र बहादुर अमात्यले नेपाली कांग्रसका बुथ समिति अध्यक्ष एवम् ज्येष्ठ नागरिक शिवहरिओमसंग मेयर राजेशमान सिंहले गरेको उच्छृंखल व्यवहार अशोभनीय भएको बताउँदै सार्वजनिक रुपमा माफी नमागेसम्म आन्दोलन जारी राख्ने बताए। नेपाली कांग्रेस पर्साको पूर्व सभापति अमात्यले रिले अनशनलाई समर्थन गर्दै भने, 'मेयर राजेशमानले गरेको अभद्र व्यवहार अशोभनीय छ, उसले माफी त माग्नै पर्छ र कुटपिट गर्ने उसको मान्छेलाई कारबाही हुनैपर्छ।'

## मेयरको शैलीलाई लिएर एमालेमा विवाद

मेयर सिंहले सोमबार अलौंमा गरेको अभद्र व्यवहारलाई लिएर एमाले पर्सामा विवाद सृजना भएको छ । केही महिना अगाडि एमालेको जिल्ला अधिवेशनमा देखिएको दुइ धार मेयर राजेशमान सिंहमाथिको कारबाहीको बारेमा परस्पर दुईधारमा उभिएको छ । नेकपा एमाले महानगरपालिका समितिका सचिव सुन्दर राउत कुर्मीले मंगलबार प्रेस विज्ञप्ति जारी गर्दै एमालेबाट विजयी वडा अध्यक्ष संजीव बहादुर क्षेत्री र वडा सदस्यमाथि सांघातिक आक्रमण गर्ने सुदर्शन लामिछाने माथि कारबाहीको माग गरेका थिए।

तर तेश्रो दिन रिले अनशनमा वडा नम्बर १७ का वडा अध्यक्षसंग पुगेका एमालेका नेता एवम् वीरगञ्ज महानगरपालिका पूर्वमेयर विजयकुमार सरावगीले समर्थन जनाएका छन् ।

रिले अनशललाई समर्थन गर्दै पूर्व मेयर सरावगीले भने, 'वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १७ अलौंवासीले डुबानमा परेको पानीको मुहान खोलाउन न्यून क्षति हुने गरी पहल गर्नु पर्दछ। तर बुबा समान उमेर भएका नेपाली कांग्रेस पर्साका पुराना नेता वडा नं १७ का बुथ सभापति शिवओमबहादुर लामिछानेको एक्कासी कठालो समातेर लछार पछार गर्नु गलत हो ।' उनले अघि थप्दैं भने, 'घटनाको छानबिन गरी घटनामा संलग्न हुनेहरुलाई काबारही हुनु पर्दछ, त्यो मेयर वा नगर प्रहरी नै किन न होउन्, महानगरप्रमुख जस्तो गरिमामय पदमा आसीन व्यक्तिबाट एक जना ज्येष्ठ नागरिकलाई दुर्व्यवहार हुनु निन्दनीय हो ।'

सम्बन्धित वडा अध्यक्ष एवम् सर्वपक्षीय भेलाबाट कमभन्दा कम क्षति हुने गरी शान्तिपूर्ण तरिकाले समस्याको समाधानका लागि पहल भइरहेको स्थानीय वडाअध्यक्ष संजीवकुमार क्षेत्रीको भनाइ छ।

# राजदेवीमा आज बेलतोडी, खोइँछ भराइँ र बोकाबली प्रदान हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । तिथिमिति हेरफेरको कारण यस पटक विगतभन्दा बेग्लै किसिमले बडादशैंका विभिन्न साइत जुरेको छ।

जसले गर्दा बिहीबार एकैपटक विजया दशमीको अवसरमा बेलतोडी, खोइँछ भराइँ र बोकाबली प्रदान हुने भएको छ।

जनकपुरधामस्थित प्रसिद्ध शक्तिपीठ राजदेवी मन्दिरमा एकैदिन बेलतोडी, खोइँछ भराइँ र बोकाबली पनि प्रदान हुने भएको छ।

सप्तमी तिथि रहेको अष्टमी तिथि पनि बेलुका सोही दिन पर्ने भएकाले बोकाबली गर्ने निणर्य गरिए अनुसार बली प्रदानको कार्यक्रम रहेको महावीर युवा कमिटीका अध्यक्ष अजयकुमार गुप्ताले जानकारी दिए। गुप्ताका अनुसार राजदेवी मन्दिरमा बिहीबार बेलुका साढे ६ बजेदेखि बोका बली प्रदान हुने छ।

मिथिला पञ्चांगका अनुसार सो दिन सप्तमी तिथि रहे पनि बेलुका अष्टमी तिथि सुरु भएर त्यसको भोली पल्ट बिहानसम्म मात्रै अष्टमी तिथि रह्ने छ। तिथिकै हेरफेरका कारण बोकाबलीका लागि असोज २४ गतेकै मिति राख्ने निर्णय गरिएको उनले स्पष्ट गरे।

अध्यक्ष गुप्ताले बुधबार साँझसम्ममा बोका बलीका प्रदानका लागि पाँच हजारभन्दा बढीले रसिद काटिसकेको बताए। उनले यसपटक विगतभन्दा बढी भक्तजनले बली प्रदानका लागि रसिद कटाउने भएकाले अलग अलग स्थानमा विभिन्न युवा कमिटी तथा जिम्मेवार पदाधिकारीले रसिद काट्ने गरेको बताए।

गत वर्ष १५ हजार २५१ बोकाको बली प्रदान गरिएको थियो भने यस पटक सोभन्दा बढी बली प्रदान हुने उनको भनाइ छ।

सो बोका बली प्रदानका लागि जनकपुरधाम उपमहानगरपालिकाले १५ हजारभन्दा बोराको व्यवस्थापन गरेको उनले बताए।

सो बोरामा बली प्रदान गरिएको बोका राखेर भक्तजनले आ-आफ्नो गन्तव्यमा लैजाने छन्।






# महोत्तरीमा डकैती घटनामा वृद्धि

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा चाडपर्व आगमनसँगै चोरी तथा डकैतीका घटनामा वृद्धि भएको छ । एक दिनअघि मात्र जिल्लाको सम्सीमा डकैतीको घटना घटेको थियो । औरहीमा लुटपाटसँगै एक जनालाई घाइते बनाएका छन् ।



मंगलबार राति औरही नगरपालिका -१ का केवल साहको घरमा डाँकाहरुको एक समूहले लुटपाट गरेको छ। डाँकाहरुको प्रतिकार गरेका घरका सदस्यलाई कुटपिट गरेको पीडितको भनाइ छ।

मध्यरातमा आधा दर्जनको संख्यामा प्रवेश गरेका डाँकाको समूहले घरबाट नगद, सुन चाँदीका गरगहना समेतगरी ५ लाख ९२ हजार ६ सय बराबरको धनमाल लुटेर लगेको पीडितले जनाएको छ ।

डाँकाहरुको प्रतिकारमा उत्रेका घरका सदस्य रञ्जित साहलाई उनीहरुले रड प्रहार गरी घाइते बनाएका छन् । घाइतेको उपचार औरही बजारस्थित हस्पिटलमा भइरहेको भने उनको टाउकोमा आठ टाँका लागेको स्थानीय प्रेमबाबु यादवले जनाएका छन् ।

महोत्तरी प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले घटनाको पुष्टी गर्दै थप अनुसन्धान भइरहेको बताए। डकैती घटनामा संलग्न हुन सक्ने आशंकामा प्रहरीले विगतमा साहको मिलमा काम गर्ने औरहीकै अस्लम अंसारीलाई नियन्त्रणमा लिएको उनले बताए।

गत शनिबार महोत्तरीको सम्सी गाउपालिका -६ का ६० वर्षीय शेषहाजी जहुरको घरमा लुटपाटसँगै प्रतिकारमा उत्रेका दुई जनालाई डाँकाहरुले घाइते बनाएका थिए। १० जनाको समूहमा आएका अज्ञात नकाबधारीले जहुरसँगै उनका छोरा २५ वर्षीय अतहर जहुरलाई घाइते बनाएका थिए।

# प्रधानमन्त्री ओली र सभापति देउवाद्वारा 'होलिडे इन रिसोर्ट' को उद्घाटन

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुरदेउवालेबुढानिलकण्ठ-१, मुहानपोखरीस्थित नवनिर्मित 'होलिडे इन रिसोर्ट' को बुधबार उद्घाटन गर्नुभएको छ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले सो रिसोर्टले मुलुकको पर्यटन, रोजगारी र सेवा क्षेत्र बढाउने भएकाले यसको राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसार हुनुपर्ने बताउनुभयो । उहाँले पैसा भएपछि त्यसको सदुपयोग र नयाँ सोचसहित उद्यमशीलता र व्यासायिकताको विकास हुनेगरी काम गर्नुपर्ने बताउँदै यस्ता होटेलले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने बताउनुभयो।

मुलुकमा दुई अन्तर्राष्ट्रिय विमानस्थललाई राम्रोसँग चलाएपछि पर्यटन क्षेत्र थप मजबुद हुने उहाँको भनाइ थियो।



प्रधानमन्त्री ओलीले कांग्रेसका सभापति देउवा आफ्ना ५० वर्षदेखिका पुराना मित्र तथा अप्ठ्यारा र अध्यारा दिनमा भेटेका साथी भएको उल्लेख गर्दै आफूहरूले जेलमा रहँदा देखेको लोकतान्त्रिक, सुन्दर र सभ्य समाजको लक्ष्यलाई साकार पार्न अहिले राजनीतिक सहकार्य गरिएको बताउनुभयो।

पूर्व प्रधानमन्त्री देउवाले सुन्दर ठाउँमा स्थापित अन्तर ाष्ट्रिय चेन होटलका रूपमा रहेको सो रिसोर्टको अत्याधिक प्रचारप्रसार गरेर पर्यटक भित्र्याउनुपर्ने बताउनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपालको आकाश सुरक्षित छ भन्ने सन्देशसहित पर्यटन क्षेत्रको विकास गर्नुपर्ने बताउनुभयो । अध्यक्ष विनिता थापा खड्काले बीस रोपनी जग्गामा रु तीन अर्ब ५७ करोडको लगानीमा १०४ कोठाको सो रिसोर्ट निर्माण भएको जानकारी दिनुभयो ।रासस

# धान खेत बालुवाले भरिँदा किसान मर्कामा

राजविराज । पाक्न लागेको धान बाढीले ध्वस्त गऱ्यो । पचास बिघाभन्दा बढी खेत यतिबेला बाढीले बगाएर ल्याएको बालुवाले भरिएको छ ।

सप्तरी कञ्चनरुप नगरपालिका-११ का पूर्ववडासदस्य कैलु चौधरीले पाक्न लागेको धानबालीमा बाढीले क्षति गरेपछि दसैँको मुखमा किसानको चिन्ता थपिएको छ। उहाँले स्थानीय राय खोलाले बेङ्गरि क्षेत्रमा रहेका धानखेतीमा ठूलो क्षति गरेको बताउनुभयो। "राय खोलाको बाँध भत्किँदा ६० भन्दा बढी किसानको खेतीयोग्य जग्गामा बालुवा भरिएको छ", उहाँले भन्नुभयो, "जसका कारण उनीहरू ठूलो आर्थिक क्षति बेहोर्नु परेको छ।"



उहाँका अनुसार यहाँका किसानले यो समस्या तीन वर्षदेखि भेल्दै आएका छन् । यसबारे पटक पटक नगरपालिका र सम्बन्धित निकायमा ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान नभएको उहाँको भनाइ छ। स्थानीय गोसाइ चौधरीले आफ्नो १२ कठ्ठा जग्गा बालुवाले पुरिएको बताउनुभयो। "पाँचदेखि छ मनसम्मको उत्पादन हुने खेत बगरमा जस्तै भएको छ। अहिले हामीले खेती गर्न सक्ने अवस्था छैन।"

यहाँका स्थानीयको आयको प्रमुख स्रोत खेती नै हो। स्थानीय सरकारले यस विषयमा उचित पहल नगरेको कारण किसान निराश बनेको स्थानीय समाजसेवी भोला पासवानले बताउनुभयो। यस क्षेत्रमा समयमै समस्याको समाधान गर्न नसकिएकाले कृषि क्षेत्रको उत्पादनमा असर परेको उहाँले बताउनुभयो ।रासस

# मुसहर वस्तीमा राहत सामग्री वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । अविरल वर्षाका कारण आएको बाढीपहिरो र डुबान पीडित परिवारलाई हेल्भेटास नेपाल सुइस इन्टरकोअपरेशनको आर्थिक सहयोग तथा मानव कल्याण समाज नेपाल धनुषाको सहजीकरणमा क्षीरेशवरनाथ नगरपालिकाको समन्वयमा मुसहर समुदायमा राहत सामग्री वितरण गरिएको छ । बिहीबार क्षीरेशवरनाथ नगरपालिका -३ स्थित करमाही टोलका ६५ घरधुरीमा राहत सामग्रीसहित खाद्यान्न वितरण गरिएको छ।

क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर ३ का वडाअध्यक्ष अमर किशोर सिंहको अध्यक्षतामा भएको सो कार्यक्रममा क्षीरेश्वरनाथ नगरपालिकाका मेयर सुखदेव यादव, इन इलम हेल्भेटास नेपालको मधेश प्रदेश संयोजक कृष्णलाल कर्ण, मानव कल्याण समाज नेपालका कार्यकारी निर्देशक प्रमोद कुमार यादवको नेतृत्वमा १० जनाको टोलीको उपस्थितिमा मुसहर समुदायलाई राहत सामग्री वितरण गरिएको छ।

५० किलो चामल, ३ किलो मसुरो दाल, ३ लिटर खानेतेल, १ किलो नुन, ५ किलो च्युरा, २४ पीस गुड डे विस्कुट र ३ किलो चिनीसहितका सामग्री राहतस्वरुप वितरण गरिएको जनाइएको छ।

# विभिन्न राजमार्गका पाँच खण्ड पूर्ण अवरुद्ध, आठ सडकमा एकतर्फी आवागमन

काठमाण्डु । यही असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढीपहिरोले अवरुद्ध पारेका विभिन्न राजमार्गका पाँच खण्ड अझै खुल्न सकेका छैनन् ।बाढीपहिरोले अवरुद्ध पारेका चार दर्जनभन्दा बढी सडकखण्ड खुलाइए अझै पाँच वटा सडकखण्ड पूर्णरुपमा अवरुद्ध रहेको प्रहरीले जनाएको छ।

बन्द रहेको काभ्रेपलाञ्चोकको रोशीस्थित बिपी राजमार्गको चारसयवेसी खण्ड पूर्णरुपमा अवरुद्ध छ।

सोही राजमार्गको भ्याकुरे, रामेछापको मन्थली नगरपालिका-६ को सेलेघाट, भोटेकोशीको रामेछाप-सिन्धुली-खुरकोट, भोटेकोशीको बाह्रविसे-तातोपानी सडक तथा बझाङको जयपृथ्वी



नेपाल प्रहरीका अनुसार अन्य आठ वटा सडकखण्ड भने एकतर्फी खुलाएर यातायात सञ्चालन गरिएको छ। प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार अवरुद्ध सडक खुलाउने प्रयास जारी छ ।नेपाल प्रहरीले सार्वजनिक गरेको विवरणमा यही ११ गतेदेखि राजमार्गको बालुवाटार खण्ड पूर्णरुपमा अवरुद्ध रहेको प्रहरीले जनाएको छ ।प्रहरीका अनुसार गोदावरीको लेले-टिकाभैरब, तह्रथुमको मध्यपहाडी लोकमार्गको तीनघरे, पाँचथर फिदिमस्थित मेची राजमार्गको रमिते, भिमफेदीस्थित कान्ति लोकथप एकतर्फी रुपमा खुलाइएको छ। रासस

# दसैंमा फोन अफ नगर्न कर्मचारीलाई खानेपानीमन्त्रीको निर्देशन

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले दसैँलगायतका चाडपर्वका समयमा खानेपानीका विषयमा अत्यावश्यक काम पर्न सक्ने भएकाले मोबाइल फोन अफ नगर्न कर्मचारीलाई निर्देशन दिनुभएको छ।

बुधबार मन्त्रालयमा आयोजना गरिएको वडादसैँको शुभकामना आदानप्रदानमा मन्त्री यादवले भन्नुभयो, "हामी जनताका सेवक हौँ, मानिसलाई पानी नभई नहुने चिज हो । चाडपर्वका बेला पानीका विषयमा समस्या आउन सक्छन्, मोबाइल अफ नगर्नुहोला।"

उहाँले हाल विपद्को समय भएकाले थप समस्या आउन सक्नेतर्फ ध्यान दिँदै नागरिकका समस्या समाधान गर्न सबै राष्ट्रसेवक कर्मचारी अग्रसर हुन आग्रह गर्नुभयो ।




मन्त्री यादवले भन्नुभयो, "विपद्मा विभिन्न परिस्थितिको सामना गर्दै काठमाडौँमा पानी ल्याउन सफल भएका छौँ । जसरी पानी ल्याउन सफल भयौँ, त्यसैगरी नागरिकलाई पानी खुवाउन सफल बनौँ।"

काठमाडौँ उपत्यकामा हिजो मङ्गलबारदेखि वितरित मेलम्चीको पानी पुगेको क्षेत्र र पानी अपुग भएको क्षेत्रबारे निरन्तर अनुगमन गरी पानी वितरण गर्न मन्त्री यादवले काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (केयुकेल) का कर्मचारीहरुलाई निर्देशन दिनुभएको छ।

हिन्दूहरुको महान् पर्व विजया दशमी, शुभ दिपावली एवं छठपर्व आफ्ना घर परिवारसँग राम्रोसँग मनाउन तथा विजया दशमी सबैका लागि सुःखद् रहोस् भनी मन्त्री यादवले शुभकामना दिनुभयो ।रासस

# क्वीन्टलभन्दा बढी गाँजासहित दुई पक्राउ

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको कञ्चनरूप नगरपालिका-७ बाट मंगलबार भारतीय नम्बरको स्कर्पियोबाट एक सय २० किलो लागूऔषध गाँजा प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्लाको कञ्चनरूप-७ स्थित प्रहरी चौकी धरमपुरको चेक प्वाइन्टमा खटिएको प्रहरी टोलीले फत्तेपुरदेखि कञ्चनपुर तर्फ आउँदै गरेको सेतो रंगको बीआर ०७ बीए ४५७८ नम्बरको सेतो स्कर्पियो जाँच गर्दा गाँजा बरामद भएको छ।

भारतीय गाडीमा लुकाइछिपाइ राखिएको १ सय २० किलोग्राम लागूऔषध गाँजा बरामद गरेको सप्तरी प्रहरीका प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले बताए।

प्रहरीले स्कर्पियो चालक सिरहा भगवानपुर गाउँपालिका-४ का चन्देश्वर चौधरी र सहचालक भगवानपुर-२ का रामदुलार यादवलाई पनि नियन्त्रणमा लिएको उनले बताए।

# दसैं बिदामा पनि प्रेस काउन्सिलको नियमन जारी रहने

काठमाण्डु । प्रेस काउन्सिल नेपालले दसैँको बिदामा समेत मिडियाको नियमनलाई निरन्तर दिने भएको छ। काउन्सिलले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा दसैं बिदाको समयमा आएका उजुरी, गुनासामा अनुगमन र सुनुवाइ हुने जनाएको छ।

सहप्रशासकीय अधिकृत एवं सहप्रवक्ता रामशरण बोहराले जारी गरेको विज्ञप्तिमा काउन्सिलको अनलाइन उजुरी प्रणाली तथा वेवसाइटमा उजुरीका लागि तोकिएको ठेगानामा इमेल गर्न सकिने उल्लेख छ।

नेपाली मिडियाको नियमनकारी निकाय काउन्सिलले बडादसैँ, तिहार, छठलगायत राष्ट्रिय पर्वहरू र नेपाल सम्वत् ११४५ को अवसरमा सम्पूर्ण सञ्चार माध्यम, सञ्चाकर्मी, आमपत्रकार, सबै नागरिकप्रति शुभकामना प्रदान गरेको छ।

चाडपर्वहरूले राष्ट्रिय एकता, भातृत्व र सामाजिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्दै यसलाई कायम राख्न सञ्चारमाध्यमको अहम भूमिका हुने काउन्सिलले जनाएको छ। चाडपर्वका समयमा पनि सदा झै सही सूचना प्रवाह गर्ने सञ्चारकर्मी, पत्रकार एवं आमसञ्चार माध्यमको कर्तव्य र जिम्मेवारी रहेको उल्लेख गर्दै विज्ञप्तिमा गलत, समाजमा उत्तेजना/अफवाह फैलाउने, धार्मिक, सांस्कृतिक एवं सामाजिक सद्भाव बिगार्ने, हिंसा एवं आतङ्कलाई प्रशय दिने गरी समाचार सामग्री प्रकाशन प्रसारण नगर्न भनिएको छ ।रासस


## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथुन | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको सदरमुकाम **जलेश्वरमा** बुधबार दुर्गा पूजाको अवसरमा निकालिएको कलश शोभा यात्रामा भगवान् शिव, माता पार्वती र उनका दूत भूतसहित नटराज नृत्य प्रस्तुत गर्दै । *तस्बिरः रासस*

# बाढीबाट मधेसमा ८० करोडभन्दा बढीको क्षति



महेन्द्रनगर । हालैको बाढीबाट मधेस प्रदेशमा रु ८० करोड ४५ लाख भन्दा बढीको क्षति भएको छ ।

मधेस प्रदेशका ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव जक्की अहम्द अन्सारीका अनुसार बागमती, लालबकैया, झाझ, लमहा र गुजरा खोलाको बाढीले सबैभन्दा बढी क्षति रौतहटमा भएको छ । यो क्षति रु १९ करोड ५० लाखभन्दा बढीको हो ।

सप्तरीको बलान, त्रियुगा, महुलीको बाढीले रु १२ करोड ८० लाख तथा धनुषामा रातु, चारनाथ, कमला, जल्लाद, औरही, खहरे र वडहरीको बाढीबाट रु नौ करोड ५० लाखको क्षति भएको छ ।

यसैगरी, सर्लाहीमा बागमती, लखनेहीसहितका खोलाको बाढीले रु नौ करोड २५ लाख, बारामा रु आठ करोड ५० लाख, सिरहामा रु सात करोड ९० लाख, महोत्तरीमा रु सात करोड ५० लाख र पर्सामा रु पाँच करोड ५० लाखभन्दा बढीको क्षति भएको छ ।

बढीबाट क्षति भएका संरचनाको मर्मतसम्भारका लागि प्रदेश सरकारले रु आठ करोड निकासा गरेको छ ।रासस

# सोनामाईमा अनौठो ‘भूतमेला’ प्रारम्भ



जलेश्वर।यहाँ सोनामाई मन्दिरमा बुधबारदेखि भूतमेला सुरु भएको छ। अनादिकालदेखि नै बडादसैंका बेला औरही नगरपालिका-७ अवस्थित सोनामाई शक्तिपीठमा भूतमेला लाग्ने सोनामाईका पूजारी कामेश्वर झाले बताउनुभयो ।

परापूर्वकालदेखि नै भूतमेलाका लागि प्रख्यातसोनामाई मन्दिरमा हरेक वर्ष वडादसैंको सप्तमीदेखि लाग्ने मेला यस वर्ष आज बिहानैदेखि सुरु भएको अर्का पूजारी घनश्याम झाले बताउनुभयो। बडादसैंको सप्तमीदेखि विजयादशमीका दिनसम्म चल्ने मेलामा हजारौं पीडित (कारनी) र दर्शनार्थीको भीड लाग्ने गर्दछ।

भूतप्रेतले सताइएका हजारौं पीडितहरू प्रत्येक वर्ष यस मेलामा आउने गर्छन् भने सोनामाईको कृपाले स्वस्थ हुने जनविश्वास रहेको अर्का पुजारी झगरु झा बताउनुहुन्छ ।वर्षौंदेखि भूत, पिसाच, कालो जादुटुना र बोक्साबोक्सीको कुचक्रमा परेर जीवन मृत्युको दोसाधमा परेकाहरु सोनामाईको सीमाक्षेत्रमा आउने बित्तिकैको कसबाट सताइएको हो भन्नेबारे आफैं भन्न थाल्छन् भने देवीको शक्तिले सीमाक्षेत्रमा खुट्टा टेक्ने बेलादेखि नै लड्दैपड्दै, रुँदैहाँस्दै र विभिन्न गतिविधिका साथ खेल्दै देवी दरबारसम्म पुग्ने गर्छन र दरबारमा पुगेका पीडितहरू माताको दृष्टि परेपछि निको भई आ-आफ्ना घर फर्कने गरेको माताका अर्का पुजारी रमेश झाले बताउनुभयो ।

विजयादशमीका दिनसम्म चल्ने मेलामा महोत्तरी, सर्लाही, धनुषा, सिरहा, रौतहटलगायत मुलुकका हेटौंडा, धरान, विराटनगर र काठमाडौंदेखि भारतका सीतामढी, मधुवनी र पटनासम्मका हजारौं पीडित महिला र पुरुष पुग्ने गरेको कुरा माताका पुजारी घनश्यामले थप्नुभयो ।

घरघरमा भूतप्रेतबाट दुःख र पीडित भएका कारनी (पीडित)हरु आ-आफ्ना घरबाट रुँदै-कराउँदै यहाँ आउँछन् भने सोनामाई शक्तिपीठबाट पीडामुक्त भई हाँस्दै जाने गरेको झाँक्री बताउँछन् । सोनामाई शक्तिपीठमा दर्जनौं धामी झाँक्री रातदिन भजनकीर्तन र भूत भगाउने काममा तल्लीन रहन्छन् भने २४सैं घण्टा माता प्रत्यक्ष विराजमान रहेर पीडितहरूको पीडा हरण गर्ने गरेको पुजारी रमेशले बताउनुभयो।

माताको दरबारमा एकपटक पुग्ने पीडितको शरीरमा जीवनमा फेरि कहिल्यै पनि भूतप्रेत नलाग्ने विश्वास यहाँका जनताको छ । यस वर्ष मेलामा सहभागी हुन चाहने भक्तजनका लागि औरही नगरपालिकाले रात्रिबासका साथै भोजन र सुरक्षाको राम्रो प्रबन्ध मिलाइएको जनाएको छ ।रासस

# मिथिलामा दोस्रो दिन पनि “बेलनौत”

महोत्तरी । मधेसको मिथिलाक्षेत्रमा बुधबार दोस्रो दिन पनि यता दशहारा भनिने दसैं पर्वको ‘बेलनौत’ गरिँदैछ। परम्परागत रुपमा शारदीय नवरात्रको छैटौं दिन षष्ठी (खस्टी) तिथिका दिन गरिने यो उत्सवमय विधि यसपालि तिथिको घटबढले ठाउँठाउँमा अघिपछि परेको हो ।


मङ्गलबार बिहान ७ बजेर १० मिनेटपछि सुरु भएर बुधबार बिहान ७ बजेर ३३ मिनटसम्म षष्ठीको भोग मिथिलामा प्रचलित विद्यापति र मिथिला पञ्चाङ्गले देखाएका छन् । सामान्यतया नवरात्रको छैटौं दिन मध्याह्नपछि मनाइने यो उत्सवमय विधि षष्ठी तिथि पनि हिजै दिउँसोभरि कायम थियो । यस आधारमा हिजो ‘बेलनौत’ गरिनु ठिकै भएको पाका मैथिल बताउँछन् ।

“दशहराको छैटौं दिन पनि भयो, उत्सव मनाइने बेला दिउँसभरि षष्ठी तिथि पनि रह्यो, त्यसैले हामीले बेलनौत हिजै गर्‍यौं”, बर्दिबास-९ पशुपतिनगरका बासिन्दा मिथिला लोकपरम्पराका जानकार ८५ वर्षीय नथुनी महतो भन्नुहुन्छ, “यद्यपि फूलपातीका अघिल्लो दिन बेलनौत मनाइने परम्पराले आज गरिनु पनि ठिकै हो, तर षष्ठी तिथिभित्रै गरिनुपर्छ ।”

एउटा अर्को मत षष्ठी तिथि सकिएर सप्तमी लाग्ने दिन ‘बेलनौत’ गरिनुपर्नेछ । यसअनुसार बुधबार बिहान ७ बजेर ३३ मिनटसम्म षष्ठी रहेर सप्तमी लाग्ने हुँदा यो विधि बुधबार गरिन लागेको मिथिला क्षेत्रका अधिकांश ठाउँको तयारी देखिन्छ । “फूलपातीको अघिल्लो षष्ठीको



अन्तिम भोग रहेको दिन बेलनौतको परम्परा छ, त्यसैले हामी बुधबार यो विधिको उत्सव मनाउँदैछौं”, मटिहानीस्थित दुर्गा पूजा व्यवस्थापन समितिका चन्देश्वर साहले भन्नुभयो । साहले भन्नुभएजस्तै अधिकांश ठाउँमा आज ‘बेलनौत’ को तयारी देखिँदोछ । दशहरा पर्व (नवरात्र) को छैटौं दिन मध्याह्नपछि षष्ठी तिथिको भोगमा वा फूलपातीको अघिल्लो दिन ‘बेलनौत’ गरिनुपर्ने भन्ने दुवै मत ठीक रहेको केही पाका मैथिलको धारणा छ । “तिथि, दिन र समयले दिँदा उपयुक्तताअनुसार गर्न सकियो”, जलेश्वर-४ का बासिन्दा पूर्वप्रशासक ८५ वर्षीय कृष्णचन्द्र झाले भन्नुभयो। यसपालि तिथिको भोग घटबढले नवदुर्गामध्ये कुष्माण्डाको पूजाआराधना दुई दिन गरिए झैं बेलनौत पनि दुवै दिनमध्ये उपयुक्तताअनुसार गर्न सकिने झाको भनाइ छ।





यसअनुसार मिथिलाका धेरै ठाउँमा फूलपातीको अघिल्लो दिनका आधारमा आज ‘बेलनौत’ को तयारी छ। यस विधिमा माटो मुछेर बनाइएका नवदुर्गाका प्रतिमाको आँखा फूलपातीका दिन बिहान-बेलको भेट्नोले कोट्याएर उघार्ने चलन छ । यसै परम्पराका लागि एक दिनपहिले प्रतिमा निर्माणस्थलबाट सांस्कृतिक झाँकी र बाजागाजासहित बस्ती नजिकको बेलको रूखको एउटा फल रातो रुमालले छोपेर बाँध्ने चलन छ।

भोलि देवीको आँखा उघारिन यो फल टिप्ने भावबाट बेललाई निम्ता दिइने विधिलाई ‘बेलनौत’ भनिएको हो । यसरी निम्ता गरिएको बेल फूलपातिका दिन सखारै फेरि बाजागाजासाथ टिपेर ल्याई त्यसको भेट्नुले देवी प्रतिमाको आँखा उघारिएपछि प्रतिमास्थल सर्वसाधारणको दर्शन र पूजाआजाका लागि खुला गरिन्छ ।देवीको आँखा नउघारिएसम्म निर्मित प्रतिमा पर्दाले छोपिएर राखिन्छन् ।

आँखा उघारिएपछि प्रतिमा सजीव हुने विश्वास गरिन्छ । यसै मान्यतासाथ आँखा उघारिएपछि देवी प्रतिमा सर्वसाधारणको दर्शनका लागि खुला गरिने चलन बसेको पाका मैथिल बताउँछन् ।रासस

# नेपाली नेत्ररोग विशेषज्ञ बङ्गलादेशका घाइतेको आँखा उपचारमा तल्लीन



काठमाण्डु । नेपालको आँखा उपचार सेवाले अन्तराष्ट्रिय क्षेत्रमा प्रतिष्ठा हाँसिल गरिरहेको छ । पछिल्लो समय भारतीय सीमा क्षेत्रका नागरिक एवं अन्य देशका नागरिक समेत नेपालका आँखा उपचार केन्द्रमा सेवा लिन आउनेक्रममा बृद्धि भइरहेको छ । अर्कोतर्फ नेपालका नेत्रविशेषज्ञले विदेशमा पुऱ्याएको सेवा तथा अनुसन्धान अब्बल कहलिएका छन् ।

नेपाली नेत्रविशेषज्ञद्वय सुशीला पटेल र सविता ढकालले बङ्गलादेशको आन्दोलनका क्रममा आँखामा समस्या देखिएका घाइतेका ढाकामा विशेषज्ञ सेवा प्रदान गरिरहेका छन् ।

घाइतेको आँखा उपचार गर्न नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर रण अम्बिका शाह आँखा अस्पताल भैरहवाले चिकित्सकद्वयलाई त्यसतर्फ पठाएको थियो । अस्पतालका व्यवस्थापक प्रकाश रायमाझीका अनुसार अस्पतालमा कार्यरत डा पटेल कर्निया सर्जनको एशोसियट प्रोफेसर तथा डा ढकाल भिट्रो रेटिना सर्जन हुनुहुन्छ । उहाँहरु नेशनल इन्स्टिच्यूट अफ अप्थालमोलोजी ढाकाको आग्रहमा बङ्गलादेश जानु भएको हो ।

अस्पतालका सूचना अधिकारी प्रतिक पाण्डेका अनुसार नेपाली चिकित्सकले यही असोज १८ गतेदेखि ढाकामा विशेषज्ञ उपचार सेवा प्रदान गरिरहनुभएको छ । योक्रम यही असोज २३ गतेसम्म जारी रहने छ । आन्दोलनका क्रममा बङ्गलादेशको राजधानी ढाकामा विशेष गरेर आँखामा चोट लागि नानी च्यातिएका, नानीमा गहिरो चोट लागेका, आँखाको पर्दा च्यातिएका, आँखामा चोट लागि घाइते भएका, आँखामा रगत आएका लगायत समस्या देखिएका बिरामीको उपचारका साथै शल्यक्रिया गरिएको छ ।

नेपाल नेत्रज्योति सङ्घका महासचिव भरतबहादुर चन्दका अनुसार सेवा नेपाल र सेवा फाउन्डेसनको समन्वय तथा नेशनल इन्स्ट्रिच्यूट अफ अप्थालमोलोजी ढाकाको आग्रहमा अस्पतालमा कार्यरत चिकित्सकलाई बङ्गलादेश पठाइएको हो । उहाँले भन्नुभयो, “छिमेकीलाई समस्या पर्दा सहयोग गर्नु हाम्रो कर्तव्य हो । विगतमा पनि हामीले बङ्गलादेशस्थित नेपाली राजदूतावासका समन्वयमा बङ्गलादेशमा आँखा परीक्षण शिविर सञ्चालन गरिसकेका छौं । उहाँहरुले सेवा फाउन्डेसनमार्फत चिकित्सक पठाउन आग्रह गरेपछि हामीले हाम्रो अस्पतालमा कार्यरत चिकित्सलाई बङ्गलादेश पठाएका छौं ।

यसले दुई देशबीचको सम्बन्ध नागरिकस्तरमै थप प्रगाढ हुने विश्वास लिएका छौं र आगामी दिनमा समेत दूतावाससँगको सहकार्यमा बङ्गलादेशका विभिन्न स्थानमा आँखा शिविर सञ्चालन गर्ने योजना बनाएका छौं ।”

पछिल्लो समय बङ्गलादेशबाट व्यक्तिगत रुपमा नै आँखाका बिरामी उपचारका लागि नेपाल आइरहेका छन् । सङ्घको तथ्याङ्क अनुसार सन् २०२३ मा मात्र भारत बङ्गलादेशसहित विभिन्न देशबाट आठ लाखभन्दा बढी बिरामीले सङ्घको सञ्जालमार्फत आँखाको उपचार गराएका छन् ।रासस

# दसैं अवधिमा यस्तो छ मौसम

काठमाण्डु । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले बुधबार यसपालिको दसैं विशेष मौसम बुलेटिन सार्वजनिक गरेको छ । बुलेटिनमा कोशी, मधेस र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रहने जनाएको छ ।

उक्त बुलेटिनअनुसार यस वर्ष दसैंको सप्तमी (२४ गते), अष्टमी/नवमी (२५ गते) र दशमी (२६ गते) का दिनमा कोशी प्रदेश र मधेस प्रदेशलगायत बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रहने जनाइएको छ । विभागले कोशी र मधेस प्रदेशका थोरै स्थानहरूमा बागमती र गण्डकी प्रदेशका पहाडी




भू-भागका एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहने अनुमान गरेको छ ।

बाँकी भू-भागमा आंशिक बदलीदेखि मौसम मुख्यतया सफा रहने विभागले जनाएको छ । उक्त दिनहरुमा अधिकांश स्थानमा अधिकतम तथा न्यूनतम तापक्रम सरदरभन्दा थोरै घट्ने सम्भावना रहेको मौसमविद् रोजन लामिछानेले जानकारी दिनुभयो ।

उहाँले ठूलो पानी पर्ने सम्भावना भने नरहेको बताउनुभयो । मौसम पूर्वानुमान महाशाखाबाट जारी गरिने तीनदिने मौसम पूर्वानुमानमा यससम्बन्धी जानकारी अद्यावधिक गरिने भएकाले महाशाखाको ‘वेबसाइट’ हेर्न अनुरोध गरिएको छ। यस वर्षको मनसुन हिजो मङ्गलबार देखिनै काठमाडौं उपत्यकासहित कर्णाली, लुम्बिनी र गण्डकी प्रदेशका सम्पूर्ण भू-भागबाट बाहिरिसकेको छ ।रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बडा दशैं सुखद होस्

नेपालीहरुले बडा दशैं मनाउने अन्तिम तयारी गरिरहेको बेला आएको प्राकृतिक विपत्ले जनधनको ठूलो क्षति गरेर उत्साह नै मारिदिएको छ । घर पुग्न सडक र साधनको अभाव छ । वर्षा, बाढी, पहिरो र डुबानको प्रकोपले भएको जनधनको क्षतिलाई भर्पाइ गर्ने तत्काल कुनै उपाय छैन । माता भगवतीले यस्तो विषम् अवस्थामा पनि कृपा बनाइ राखुन् । दुःखलाई सहने क्षमता प्रदान गर्दै आगामी दिन सुखद रहोस् भन्ने माता दुर्गा भवानीसित करवद्ध कामना छ । विपत्को बेला पनि सरकारले नगारिकलाई घरसम्म पुऱ्याउने समुचित व्यवस्था समेत गर्न सकेको छैन । विमानको भाडा धेरैको काबु बाहिर छ । संघीय राजधानी काठमाण्डुबाट कयौं दिन पैदल हिडेर घर सम्म पुग्ने गरेका स-साना व्यवसायीहरु मर्माहित भएका छन् । सरकारले सहयोग नगरे पनि कर्मयोगी नेपालीहरु आफ्नो आगामी दिनलाई सुखद बनाउन लागि परेका छन् । बडा दशैंको बेला प्रभावितहरुलाई राहत दिन तीनै तहका सरकारले सक्रियता देखाउनु पर्ने थियो । संघीय सरकारले बजारमा सुपथ मुल्यमा अत्यावश्यक सामग्री उपलब्ध गराइदिए पनि ठूलो राहत हुने थियो । तर बजारमा सरकारको नियन्त्रण नै छैन । प्रभावितलाई सरकारले राहत दिन नसके पनि सहज ढंगले सुलभ मूल्यमा दैनिक उपभोग्य सामग्री उपलब्ध गराइदिन आवश्यक छ । प्रभावित क्षेत्र बाहेकमा पनि यस पटक बडा दशैंको खुशियाली विगतको जस्तो देखिएको छैन । तराईमा बिहान, साँझ भगवती मन्दिर र दुर्गा पूजा पण्डालहरुमा भीडभाड देखिए पनि बजारमा दशैंको रौनक छैन । तराईमा बडा दशैंमा पूजाअर्चनामा बढी समय दिने गरिएको छ । बडा दशैंमा तराईमा सप्तमीदेखि दुर्गा मन्दिरहरुमा बली प्रदान थालिन्छ । हुन त कतिपय दुर्गा मन्दिरहरुमा नियमित रुपमा नै बली प्रदान गरिन्छ । कतिपय देवी मन्दिरमा घटस्थापनादेखि बली प्रदान गरिन्छ । तर मधेश प्रदेशको राजधानी जनकपुरधाममा अष्टमीको राति राजदेवी मन्दिरमा बली प्रदान भएपछि मात्र धेरै मानिसले मांसहार भोजन गर्छन् । घटस्थापनादेखि सप्तमीसम्म जनकपुरधाममा मांसहार सेवन प्रायःले गर्दैनन् । तर मधेशमा रहने नेपाली भाषीहरुले भने घटस्थापनादेखि नै मांसहार खाने गर्छन् । हुन त उनीहरुको संख्या डेढ दशक पूर्वको जस्तो छैन । बडा दशैंमा असत्य, असुर प्रवृत्तिको त्याग गर्नु प्रमुख पूजा हो । समाजिक सद्भाव, आपसी प्रेमभाव दशैंमा बढाउनु पर्छ । बडा दशैंको पावन अवसरमा सबैमा हार्दिक शुभकामना ।

# दुर्गा पूजाको आठौ दिन महागौरीको पूजा

*श्वेते वृषे समारूढ़ा श्वेताम्बरधरा शुचिः ।*
*महागौरी शुभं दद्यान्महादेवप्रमोदया ॥*

नवरात्रि अर्थात वडा दशैंमा दुर्गा पूजा को अवसरमा बहुत विधि-विधान पूर्वक माता दुर्गा को नौ स्वरुपको पूजा-उपासना गरिन्छ ।त्यस मध्ये आठौ दिन देवी महागौरीको पूजा हुन्छ ।कालरात्री पुजापछि माता महागौरीको पुजा गरिन्छ ।कालरात्रीमा माता दुर्गाको अत्यन्त विकराल स्वरुपको पुजा हुन्छ ।विभिन्न स्थान अनुसार कालरात्रीको पुजा विधि फरक फरक किसिमको हुन्छ ।कालरात्रीको पूजामा कतिपय स्थानमा जीवको बलि प्रदान गरिन्छ ।

आठौ दिन शान्त स्वरुपमा देखिने माता गौरीको पूजा गरिन्छ ।ममतामयी गौरीको पूजाबाट साधकहरु अलौकिक सिद्धि प्राप्त गर्छन् ।माता गौर अमोघ फलदायनी हुन् ।

भक्तको सबै प्रकारको क्लेष पखालिन्छ ।पूर्वको संचित पापपनि नष्ट हुन्छ ।उहाँको पूजा अर्चना, उपासना-अराधना अत्यन्त कल्याणकारी छ ।उहाँको कृपाले आलौकि सिद्धिको प्राप्ति हुन्छ । वडा दशैंको आठौ दिन महागौरी शक्तिको पूजा गरिन्छ ।नामले नै प्रष्ट हुन्छ की उहाँ पूर्णत :गौर वर्णको हुनुहुन्छ ।

उहाँको उपमा शंक, चन्द्र र कुंदको फूलले दिएको छ ।अष्टवर्षा भवेद् गौरी अर्थात उहाँको आयु आठ वर्षको मानिएको छ ।उहाँले धारण गर्नु भएको वस्त्र र सबै आभूषणहरुपनि स्वेत रंगको छ ।त्यसकारण उहाँलाई श्वेताम्बरधारा भनिएको छ ।उहाँको ४ वटा हात र वाहन वृषभ रहेको छ ।उहाँको वाहन वृषभ रहेकाले उहाँलाई बृषारुढापनि भनिएको छ ।

उहाँको माथिल्लो दाहिने हात अभय मुद्रामा र तलको हात त्रिशुल धारण गरेको छ ।माथिल्लो बायाँ हातमा डमरु र तलको हातमा वर मुद्रा रहेको छ ।



माता गौरीको स्वरुप अत्यन्त शान्त छ । भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न माता महागौरीले कठोर तपस्या गर्नु भो ।लामो समय कठिन तपस्याको कारण उहाँको रंग कालो भई हाल्यो ।माता महागौरीलाई भगवान शिवको प्राप्तिका लागि हजारौ वर्ष तप गर्नु पऱ्यो ।अन्ततःमाता महागौरीको तप सफल भयो ।भगवान भोलेनाथ प्रसन्न भै तपस्याबाट कालो र कमजोर भईसकेको महागौरीको शरिरलाई पवित्र गंगाजलले पखालेर कान्तिमय बनाई दिनु भयो ।उहाँको शरिर गौर वर्णको भयो ।त्यसकारण उहाँ महागौरीको नामले सुविख्यात हुनु भयो ।

माता महागौरीले कठोर तपस्या गरी भगवान शिवलाई वरको रुपमा पाउनु भयो ।उहाँको कठिन तपस्याले भगवान शंकर प्रसन्न हुनु भयो ।माताको त्यो गोरो स्वरुपको वडा दशैंमा आठौ दिन पूजा गरिन्छ ।उहाँ जगत कल्याणी र साधकको साधनबाट प्रसन्न भै मनोवाञ्छित फल प्रदान गर्ने जगत माता हुनुहुन्छ । माता महागौरीको नामको विषयमा कयौं कथाहरु छन् ।देवी पार्वतीको रूपमा महागौरीले भगवान शिवलाई पतिको रुपमा प्राप्त गर्न कठोर तपस्या गर्नु भयो ।

भगवान भोलेनाथको कुनै वचनबाट माता पार्वतीको मनमा ठूलो चोट लाग्यो ।उहाँ सो वचनले आहत हुनु भयो ।त्यसपछि उहाँ कठोर तपस्यामा लीन हुनुभयो ।

एवं प्रकार वर्षौ सम्म कठोर तपस्यामा लीन भएपछि माता पार्वती कैलाशमा जानु भएन् ।माता पार्वती कैलाशमा नदेखिएपछि भगवान भोलेनाथ उहाँको खोज ीगर्न निस्कनु भयो ।

भगवान भोलेनाथ माता पार्वती तपस्यामा रहेको स्थानमा पुगेपछि उहाँ ठूलो आश्चर्यमा पर्नु भयो ।माता पार्वतीको रंग अत्यन्त ओजपूर्ण थियो ।उहाँको अनुहार चाँदको जस्तो श्वेत रंगको चम्किलो र कुंद फूल जस्तो सुन्दर थियो ।उहाँको श्वेत रंगको वस्त्र र आभूषणबाट प्रसन्न भै भगवान शिव गौर वर्णको वरदान दिनुभयो ।त्यस बेलादेखि नै उहाँ महागौरीको नामले विख्यात हुनुभयो ।

# डेंगु रोगको संक्रमणमा वृद्धि र रोकथामका उपाय


**चन्द्रकिशोर प्रसाद साह**

बढ्दो डेंगु रोगको संक्रमणलाई समय मै पहिचान गरी ज्यान जोगाउन सकिन्छ । डेंगु चाँहि लामखुट्टेजनित विषाणुयुक्त संक्रमण हो । यो प्रायः वर्षात्पछि भदौ, असोजमा बढि देखा पर्दछ किनकि खाल्डा खुल्डीहरुमा वर्षात्को सफा पानी जम्मा हुन्छ अनि त्यहि पानीहरुमा अण्डा दिने र लामखुट्टेहरुको संख्या तीब्र रुपमा वृद्धि हुने गर्दछ । लामखुट्टे विभिन्न प्रकारका भएता पनि हाम्रो वरिपरि एनोफिल, क्युलेक्स, मानसोनिया र एडिस पाइन्छन् । अन्यले फोहोर पानीमा अण्डा दिने गर्दछन् भने एडिशले सफा पानीमा अण्डा दिने गर्दछन् । एडिसले दिउँसो टोक्ने गर्दछन् भने अन्यले प्रायः राती टोक्ने गर्दछन् । डेंगु रोग चाँहि नेपालको ७७ जिल्लामध्ये ७६ जिल्लाहरुमा संक्रमण भैसकेको छ । यस वर्ष १५०० भन्दा वढिमा संक्रमण भैसकेको र आधा दर्जन भन्दा बढिको मृत्युवरण भैसकेको छ । यो रोग पोखरा, काठमाण्डौ, भरतपुर, बिरगंज, बिराटनगर, जनकपुर, हेटौडा, नेपालगंजजस्ता ठूला शहरहरुमा बढि हुने गरेको पाइन्छ किनकि त्यहाँ प्रिज, सफा पानीको उपयोग बढी हुने गर्दछ ।

डेंगु भाइरसको ४ प्रजाति हुन्छ जसलाई डेंगु १, डेंगु २, डेंगु ३ र डेंगु ४ भनिन्छ । यी सवैले डेंगु फिवर (ज्वर ो) गराउँछ । एउटा किसिमको डेंगुले अर्को किसिमको डेंगुविरुद्धको इम्युनिटि (प्रतिरक्षा शक्ति) प्रदान गर्दैन । डेंगु भाइरस २ चाँहि सामान्य किसिमको भाइरस हो । सामान्यतया २५ प्रतिशत मानिसलाई समान्य लक्षणहरु हुन्छन् जुन एक दुई हप्तामा ठिक हुन्छ भने २५ प्रतिशत मानिसहरु मात्र डेंगुको अनुभव गरेको पाइन्छ । रगतको सेरम जाँचबाट डेंगु थाहा हुन्छ ।

विश्वमा सन् २०२४ को शुरुवातदेखि १ करोड २५ लाखभन्दा बढि डेंगुको संक्रमण भएको पाइन्छ । तर विगतमा वार्षिक रुपमा १० करोडदेखि ४० करोड संक्रमण हुन्थ्यो । अधिकाँश डेंगु सामान्य हुन्छ भने केही अत्तिखतरनाक हुने गर्दछ । अहिले विश्वमा १ अरब मानिसहरु डेंगुको संक्रमणबाट प्रभावित छन् र ३० करोडभन्दा बढि मानिसहरु डेंगुको प्रभावित क्षेत्रहरुमा वसोवास गर्दछन् ।

डेंगुको कारक तत्वमा एडिश एजिप्टिआई, एडिश एल्बोपिक्टस नामक भाइरस (विषाणु) हो जसलाई एडिश नामक लामखुट्टेको टोकाईबाट मानिसमा सर्ने गर्दछ । डेंगु रोगको सर्ने माध्यममा मुख्यतः रगत भएपनि यो रोगको भाइरस विरलै रुपमा गर्भवति, स्तनपान, रगतदान तथा अंगदानबाट सर्न गर्दछ । कुनै मानिसको रगतमा




डेंगु भाइरस छ भने उक्त मानिसलाई एडिस पोथी लामखुट्टेले टोकेपछि आफ्नो प्रोबोसिसको सहायताले संक्रमित रगतलाई मच्छरले आफ्नो शरीरमा लिन्छ र आफ्नो शरीरभित्र उक्त एडिश एजिप्टिआई वा एडिश अल्बोपिक्टस भाइरसको वृद्धिविकास गर्दछ र तत्पश्चात् ७-१० दिनभित्रमा अन्य स्वस्थ मानिसलाई सो संक्रमित लामखुट्टेले टोक्दा उक्त संक्रमित भाइरस त्यसमा सर्ने गर्दछ । अनि पछि सो व्यक्तिमा डेंगुको लक्षणचिन्ह हेराउन शुरु गर्दछ ।

डंगुको चिन्हलक्षणहरुमा उच्च ज्वरो, तीब्र टाउको दर्द, ग्रन्थीहरु सुन्निनु, आँखामा दबाव बढ्नु, आँखा दर्द गर्नु, जोर्नी एवं मांसपेशी दुख्नु, उल्टि हुनु, छालामा रातो रातो दाना आउनु । ५ प्रतिशत मानिसहरु गम्भिर डेंगुबाट ग्रसित हुन्छन् जसमा पेट दर्द, उल्टि, छिटोछिटो श्वासप्रश्वास लिनु, कलेजो २ सेन्टिमिटर बढ्नु, गिजा, नाक, उल्टि, दिसामा रगत देखिनु, अत्यधिक कमजोरी एवं लोसे हुनु अनि हिमोरेजिक डेंगु फिवर भई शरीरका भित्रि अंगहरुबाट रक्तश्राव हुनु वा डेंगु सक सिन्ड्रोम भई रक्तचाप खसेर अंगहरु फेल भएर मृत्यु हुनु । हिमोरेजिक डेंगु फिवरबाट वर्षेनी २५ हजार बालबालिकाहरुको मृत्यु हुन्छ । गम्भिर किसिमको डंगु हुँदा लामो समयसम्म जटिलता निम्त्याउने गर्दछ जसमा डेंगु ठिक भए पनि केही व्यक्तिहरुले हप्तौ वा महिनौंसम्म चिन्तित एवं कमजोरी अनुभव गर्दछन् । बिरलै रुपमा इन्सेफलाइटिस वा मेनिन्जाइटिसजस्ता जटिलता कहीमा हुने गर्दछ । साथै केहीमा मुटु, कलेजो तथा मृगौलामा खराबी पुर्याउने जटिलता हुने गर्दछ ।

डंगुको उपचारः यो रोग भाइरसबाट हुने भएकोले यसको खास उपचार हुँदैन । तापनि सहयोगी उपचारमाथि ध्यान दिनुपर्दछ । यसका लागि विश्राम गर्नु, पानी पिउनु, दर्द निवारक औषधि लिनु, समुचित पोषण लिनु, इलेक्ट्रोलाइट्स पूर्ती गर्नुपर्दछ । जटिलताअनुसार उपचार गर्नुपर्दछ । जस्तैः ज्वरो, दर्द घटाउन पारासिटामोल, आइबुप्रोफेन, एसिटामिनोफेन वा अन्य ननूस्टेरोवाइड्ल एन्टिइन्फलामेटरी ड्रग्ज सहयोगी हुन्छ । विशेष निगरानीमा स्टेरोवाइड्स पनि प्रयोग गरिन्छ जसले इम्युनिटिको क्रियाकलापलाई रोकेर शोथलाई घटाउँछ । रक्तश्राव, प्लाज्मा चुहिनु, अंग फेल हुनु, रगतमा प्लेटिलेट्सको संख्या (प्रतिघनमिटर २.५-३.५ लाख) भन्दा कम हुँदै जानु, डव्लुबीसी (सेतो रक्त कण प्रति घनमिटर ४०००- ११०००) को ठाउँमा कमि हुँदै जानु, बेहोस हुनु जस्ता जटिलता भएमा सोको देखरेख गर्नुपर्दछ । कतिपय अवस्थामा आईसीयूमा राखेर उपचार गर्नुपर्ने हुन्छ । त्यहाँ अक्सिजन दिनुपर्ने, प्लेटिलेट्स् वा रगत चढाउनुपर्ने हुन्छ । जुन अंग फेल भइरहेको हुन्छ त्यस अंगको विशेष व्यवस्थापन गर्नुपर्ने हुन्छ । प्लेटिलेट्सको मात्रा बढाउनका लागि पपिता वा यसको पातलाई सुकाएर सेवन गरिन्छ । आजभोली एन्टिभाइरल औषधोपचार गरिन्छ जसले उक्त भाइरसको वृद्धिविकास रोक्ने गर्दछ भने इम्युनिटि बढाउने औषधिले शरीरको रोग प्रतिरोधात्मक क्षमता बढाउने गर्दछ, यस्तै रगत प्लाज्मा छानेर विरामीलाई दिने उपाय पनि अपनाइन्छ, आदि तरिकाहरु प्रयोग गरिन्छन् ।

बचावः भाइरसको खासै उपचार नहुने भएकोले रोकथाम नै उत्तम उपाय मानिन्छ । लामखुट्टेको वृद्धिविकासलाई रोक्नका लागि खासगरी एडिस मच्छर, यसको लार्भालाई मार्न औषधि छर्नु पर्दछ । घर वरिपरि पानी जम्न नदिने, गमला, भाँडोहरुमा पानी लाग्न नदिने, फ्रिजको पानीमाथि निगरानी राख्नुपर्दछ । नारियलको बोक्रा, टायर जस्तामा कुराहरुमा बस्ने गरेकाले सरसफाईमाथि केन्द्रित रहनुपर्दछ । हाम्रो शरीरमा इम्युनिटि बढाउनका लागि विभिन्न खोपहरुको पहुँच जनतासम्म पुर्याउन सम्वद्ध निकायहरु लाग्नुपर्दछ । समुचित फोहोर व्यवस्थापन, जनचेतना फैलाउनु पर्दछ । समयमै निरुपण गरी सम्वन्धित निकाय, स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्दछ । घरमा सम्वातन, झ्याल, ढोकामा जाली लाउनु पर्दछ । कपडा फुल लाउनु, तेल, क्रीम हातगोडा लाउनु पर्दछ ।

# चाडपर्वमा उपभोक्ता ठगीको शिकार

**बिष्णु गिरी 'निश्चल'**

ठूला चाडपर्व नजिकिएसँगै आम उपभोत्ताले थेग्न नसक्ने गरी अति आवसकिय बस्तुको मुल्य बुद्धि हुदाँ पनि सरोकारवाला निकाय मौन छ । अझ बाढि पहिरो र प्राकृतिक प्रकोपको बहानामा यातायातको असहजतालाई बहाना बनाएर बस्तु तथा सेवामा मुल्य बृद्धि हुदाँ समेत बजार अनुगमन भएको छैन । सामाजिक अभियान्ताहरुले बजारमा असोभाबिक मुल्य बृद्धि भएको छ भनि आवाज उठाउदाँ समेत सरोकारबाला निकाय मानै देखिन्छ । हालै मात्र अभियान्ता आसिका तामाङ्गले यातायातको भाडा , हवाईजहाजको भाडा खाध्यबस्तुको अस्वाभिक मुल्य बृद्धिको बारेमा प्रमाण सहित बोल्दा सामाजिक सञ्जालमा बाही वाही पाउँदा सरकार भने ति ठाउँहरुमा के भएको छ भनेर खोज्न समेत गरेको छैन । काठमाडौ महानगरपालिकाले केही गरे जस्तो देखिएपनि त्यो प्रयाप्त छैन उपभोत्ताबादी संघ संस्थाले आवाज उठाएपनि अन्य क्षेत्र भने मौन नै छ । प्रत्येक वस्तु र सेवा किन्दा उपभोक्ताले कस्तो खाले अधिकार पाउँछन् भनी परिभाषित गरेको विषयलाई उपभोक्ता अधिकार भनिन्छ । उपभोक्ताको छनोटको अधिकार, उपभोक्ताको सुनुवाइको अधिकार, उपभोक्ताको सूचानसँग सम्बन्धित अधिकार, स्वच्छ सुनुवाइको अधिकार, क्षतिपूर्तिको अधिकार, शिक्षाको अधिकार, स्वच्छ वातावरणको अधिकार र आधारभूत वस्तु तथा सेवामा पहुँचको अधिकारलाई उपभोक्ता अधिकार हुन् ।

मुलुकमा उपभोक्ता सचेत छन् तर सक्रिय छैनन् । सबैभन्दा पहिला उजुरी गर्नुपर्छ । सक्रिय उपभोक्ताले मात्रै उजुरी गर्छन् । एकदुईपटक उजुरीको सुनुवाइका लागि धाउन थालेपछि वस्तु वा सेवा प्रवहा गर्ने पनि सचेत हुन्छन् । सबैभन्दा ठूलो कुरा त उपभोक्ता र उपभोगका लागि क्रियाशील व्यापारी वा सेवा प्रदायकको सचेतना नै हो । उपभोक्ता अधिकारको विषय उत्पादकले आफ्ना ग्राहकलाई हानी हुन दिनु हुँदैन भन्ने कानुनी मान्यताबाट प्रारम्भ भएको हो । उपभोक्ता आफूले किनेका सामान सुरक्षित छन् भन्ने मान्यता राख्छन् । यसमा वस्तुको तौल, गुणस्तर, गलत प्रचार प्रसार तथा विज्ञापन, बनोटको संरचना के के कति कति परिमाणमा परेको छ) भन्ने जानकारी गराउनु पनि हो । बजारमा हुने ठगी, उपभोक्तालाई झुक्याउने, गुमराहमा पार्नेजस्ता गलत क्रियाकलापबाट वस्तु वा सेवा खरिद गर्ने जनसाधारणको सुरक्षा गर्ने कार्य उपभोक्ता संरक्षण हो ।

नेपालको संविधानको धारा ४४ मा उपभोक्ताको अधिकारलाई मौलिक अधिकारको रुपमा स्वीकार गरिएको छ । यसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरीय वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्थासमेत रहेको छ । खाद्य ऐन, २०६३ उपभोक्ताको स्वास्थ्य सुरक्षा कायम राख्ने प्रयोजनार्थ प्रबन्ध गरिएको हो । यस ऐनमा खाद्य, अखाद्य र न्यूनस्तरको खाद्य पदार्थहरु के के हुन् ? तिनीहरुका बीचमा के कस्ता भिन्नता हुन्छन् भन्ने विषय परिभाषित गरिएको पाइन्छ । प्रस्तुत ऐनले खाद्य पदार्थको स्वाभाविक गुण वा उपयोगिता घटाउन, झिक्न नपाइने, खाद्य पदार्थमा हुने अवाञ्छनीय मिसावट रोक्ने, खाद्य पदार्थको उचित गुणस्तर बनाई राख्नसमेत जोड दिएको छ । त्यसैगरी मानव स्वास्थ्यलाई हानी हुनेगरी सडे गलेको, फोहर मैला, विषाक्त अवस्थामा राखी तयार पारिएको, रोगी पशुपक्षी वा वनस्पतिबाट बनेको, तोकिएको भन्दा घटीबढी रसायन, कीटनाशक औषधिको प्रयोग भई मानवजातिले खाननहुने अयोग्य खाद्य पदार्थलाई दूषित खाद्य पदार्थको श्रेणीमा राखिएको छ । खाद्य ऐनबमोजिम कसुर ठहरिने विषय र सजायसम्बन्धी व्यवस्था देहाय बमोजिम छन् :न्यून स्तरको खाद्य पदार्थ उत्पादन, बिक्री वितरण गरेको ठहरिने कसुर गर्ने व्यक्तिलाई रु ५,०००। जरिवाना वा १ वर्षसम्म कैद वा दुवै सजाय । दूषित खाद्य पदार्थ उत्पादन, विक्री वितरण गर्ने उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असरपार्ने किसिमको वस्तु वा सेवाको उत्पादन वा विक्री वितरण गरेकोमा, सजाय : अधिकतम चौध वर्षसम्म कैद वा पाँच लाखसम्म जरिवाना वा दुवै सजाय हुने ब्यबस्था छ ।

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ यो ऐनले सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्ने र निम्नानुसारका कसुरजन्य काम नियन्त्रण गर्ने उद्देश्य राखेको छ । नेपाल सरकारले निर्धारण गरी दिएको मोलभन्दा बढी मोल लिई माल वस्तुको विक्री गर्ने र माल वस्तुको उत्पादन, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई माल वस्तु विक्री गर्ने कार्यलाई कालोबजार मानिएको छ । कालो बजारको कसुरमा एक वर्षसम्म कैद वा दुईलाख पचास हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था रहेको छ । कुनै माल वस्तुको व्यापार गर्ने व्यक्तिले व्यापारको प्रचलन अनुसार सयकडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो माल

> नेपालमा अधिकांश बजार अनुगमन उजुरीको आधारमा हुने गरेको छ । नेपाल सरकारले हालसम्म कुन कुन वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापडण्ड कुन कुन निकायले तयार गर्ने भन्ने एकिन हुन नसक्दा अधिकतम मूल्य आधिकारीक तथा सही हो वा होइन भन्ने समस्या नै छ यसको कारण लाखौ उपभोता ठगिको शिकार हुनु परेको छ ।

(जुन पदार्थ खानाले कसैको मृत्यु भएमा, मृत्यु हुने संभावना वा अपूरणीय क्षति भएमा ) व्यक्तिलाई २५,०००। सम्म जरिवाना, ३ वर्षसम्म कैद हुने र सो दूषित खाद्य पदार्थबाट प्रभावित व्यक्तिलाई १,००,०००। सम्म क्षतिपूर्ति दिनुपर्ने व्यवस्था गरिएको छ ।

यस्तै उपभोक्ता संरक्षण ऐन, २०५४ यो ऐन उपभोक्ताको संरक्षणको दिशामा महत्त्वपूर्ण मानिएको छ । ऐनमा उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्ने, उपभोक्ताको हक हित र अधिकारको संरक्षणका लागि वस्तु तथा सेवाको गुणस्तर, परिमाण र मूल्यको अनियमितता रोक्ने, वस्तु वा सेवाको गुणस्तर कायम गराउने, एकाधिकार, अनुचित व्यापारिक क्रियाकलाप र मूल्य वृद्धि तथा झुट्टा भ्रमात्मक प्रचारप्रसार हुन नदिने, सुरक्षित र गुणस्तरीय वस्तु वा सेवाको प्रबन्ध गर्ने उद्देश्यहरु रहेका छन् । उपभोक्ता संरक्षण ऐनअनुसार कसुर ठहरिने र त्यसमा हुने सजाय कसुरः कमसल वस्तुको उत्पादन, विक्री वितरण र मिलेमतो वा कार्टेलिङ गरी माल वस्तु वा मूल्यमा प्रतिकूल प्रभाव पार्ने काम : सजाय : ३ वर्षसम्म कैद वा पचास हजारसम्म जरिवाना वा दुवै सजाय, कसुर : ढाँटी, झुक्याई, भ्रमात्मक प्रचारप्रसार गरी अनुचित व्यापारिक क्रियाकलाप गर्ने काममा, सजाय : पाँच वर्ष कैद वा एक लाखसम्म जरिवाना वा दुवै सजाय, कसुर : वस्तुको अनुचित लाभ लिई विक्री गरेमा नाफाखोरीको कसुर मानिने प्रबन्ध गरिएको छ । कुनै एक स्थानमा विक्री वितरण गर्न तोकी दिएको कोटाको लागि आयात गरिएको वा उपलब्ध भएको माल वस्तु अन्यत्र लगेमा, विक्री गरेमा माल वस्तुको विचलन गरेको मानिन्छ । नाफाखोरीको कसुर र माल वस्तुको विचलनसम्बन्धी दुवै प्रकारको कसुरमा एक वर्षसम्म कैद वा दुईलाख पचास हजारसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।जम्माखोरी वा कृत्रिम अभाव : बजारमा कुनै मालको कृत्रिम अभाव हुनेगरी सो मालको मूल्य वृद्धि गराएर त्यसबाट अनुचित नाफा लिई बजारमा विक्री गर्ने नियतले त्यस्तो माल वस्तुको संग्रह गरी विक्री नगरेमा जम्माखोरी गरेको मानिन्छ । कृत्रिम अभावसम्बन्धी कसुर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद वा दस लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।


स्वच्छ बजार निर्माणमा सरोकारवाला निकाय तथा स्वयम उपभोत्ताहरु सचेत हुन् आवश्यक छ । जुन नेपालमा भएको पाईदैन । बिषयबस्तुको उठान गर्ने तर त्यसलाई बीचैमा छाडने प्रबृति छ । बजारमा हुने अनुचित व्यापारिक क्रियाकलाप को पहिचान निगरानिको साथसाथै कारबाही, वस्तु तथा सेवाको सहज आपूर्तिमा सहजिकरण तथा हस्तक्षेप, नियमित तथा उजुरीको आधारमा बजार अनुगमनको अतिरिक्त बजारमा हुन सक्ने अनुचित व्यावसायजन्य क्रियाकलाप जस्ता गतिविधिको आशङ्कामा हुने बजार अनुगमन , कारबाही सञ्चार तथा उपभोक्ता एव व्यावसायिक सचेतना कार्यहरु पर्दछन्। हालको बजार अनुगमन कुनै क्षेत्रमा दोहोरो तथा कुनैमा एकपटक नहुने तथा कहिलेकाहि समन्वयको समेत समस्या झेल्नु परेको सन्दर्भमा केही समय अगाडी स्वीकृत बजार अनुगमन निर्देशिका २०७९ समेतका आधारमा अबका दिनमा सरकारअन्तरगतका निकायहरुले बजार अनुगमन गर्न पर्दछ । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले फर्म वा कम्पनी वा व्यवसायिक प्रतिष्ठान वा संस्थाको दर्ता, नविकरण लगायतका नियमन सम्बन्धी, आपूर्ति व्यवस्थापन, मिसावट, मूल्यसूची, लेबल, कृत्रिम मूल्यवृद्धि, एकाधिकार (सिण्डिकेट), मिलोमतोपूर्ण भाउ निर्धारण तथा बजार प्रवेशमा अवरोध गर्ने किसिमका गैर प्रतिस्पर्धा क्रियाकलाप तथा अनुचित व्यापारिक क्रियाकलाप, पेट्रोलियम पदार्थ, एल.पी. ग्याँस, पार्टी प्यालेस तथा विज्ञापन र उपभोक्ताको हकहित संरक्षणसँग जोडिएका अन्य कुनै पनि निकायलाई नतोकिएका विषयहरूको सम्बन्धमा गरिने अनुगमनको साथसाथै समग्र बजार अनुगमनको गर्नु पर्छ । यतिमात्र हैन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले खाद्य पदार्थको गुणस्तरसँग सम्बन्धित उत्पादन प्रकृया, भण्डारण, मिसावट, कच्चा पदार्थहरू विषय सो सम्बन्धी विज्ञापनको बजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ । अन्य निकायबाट प्राप्त खाद्य पदार्थ सँग सम्बन्धित नमुना सङ्कलन गरी छिटो भन्दा छिटो परिक्षण कार्य गरि नतिजा सम्बन्धित निकायमा पठाउनु पर्दछ ।

नेपाल गुणस्तर तथा नापतौल विभागले विभिन्न किसिमका गैरखाद्य वस्तुहरू (निर्माण सामग्री, एल.पी ग्याँस, पेट्रोलियम पदार्थ, पेट्रोलियम डिस्पेन्सिङ्ग पम्प, ट्याक्सी मिटर आदि) मा हुने मिसावट तथा गुणस्तर, नाप, तौल सम्बन्धी विषयमा बजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ । उद्योग विभागले उद्योगबाट उत्पादन गरिने वस्तुको उत्पादनको प्रक्रिया तथा गुणस्तर, सरसफाई तथा भण्डारको स्थिति, प्याकेजिङ्ग, औद्योगिक वातावरण आदि जस्ता विषयमा बजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ । कृषि विभाग- अन्न, फलफूल तथा तरकारी उत्पादन, प्रशोधन तथा भण्डारण, विषादी परीक्षण, रासायनिक मल, दुध तथा दुग्ध पदार्थहरुको गुणस्तर तथा बजार व्यवस्था आदि जस्ता विषयमा बजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ । पशु सेवा विभाग- माछा, पशुपंक्षीबाट उत्पादन हुने मासु, मासुजन्य पदार्थमा प्रयोग गरिएका कृत्रिम हर्मोन तथा एन्टीवायोटीक्स जस्ता पदार्थको प्रयोग, पशुपंक्षी बधशालाको सरसफाई, बिक्रीस्थलमा मासुजन्य पदार्थको गुणस्तर, मूल्य तथा प्याकेजिङ्ग व्यवस्था र पशुपंक्षी हाटबजारको अवस्था जस्ता विषयमा बजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ । स्वास्थ्य सेवा विभागले स्वास्थ्य सेवा प्रदान गर्ने हस्पिटल, पोलिक्लिनिक तथा क्लिनिक, मेडिसिन पसलहरुमा राखिएको औषधी तथा तहाँबाट प्रदान गरिने सेवाको सम्बन्धमा गरिने बजार अनुगमनको भुमिका विभागको कार्यक्षेत्रमा रहनु पर्दछ । यातायात व्यवस्था विभागः सार्वजनिक सवारी साधनको सेवा, सुविधा, गुणस्तर, भाडादर, सवारी साधन प्रदुषण मापन लगायतका विषयहरु विभागको कार्यक्षेत्रमा रहनु पर्दछ । वातावरण विभागः वातावरणसँग सम्बन्धित विषयहरु वातावरण प्रदुषण, मापडण्ड,पलाष्टिकजन्य फोहर , सवारी साधनबाट निस्कने प्रदुषण तथा हावामा प्रदुषणको मात्रा मापन जस्ता वातावरण सँग सम्बन्धित विषयहरु बजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ । जिल्ला प्रशासन कार्यालय- कालो बजारी लगायत प्रचलित कानुनद्वरा प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र निरीक्षण अधिकृतले गर्ने भनी कानुनद्धारा नै निर्दिष्ट गरेका विषयहरु र अन्यत्र समावेश नभएका विषयमा बजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ ।

यो भन्दा पनि महत्वपूर्ण स्थानीय बजार अनुगमन समितिले उपभोक्ता सरक्षण ऐन बमोजिम स्थानीय तहले निर्देशिका, मापडण्ड बनाएर तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सङघीय तथा प्रदेश कार्यलयहरुको समन्वयमा बजार अनुगमन गर्ने भूमिका रहेको छ । अनि स्वस्थ बजार कायम गर्ने सिलसिलामा उपभोक्तावादी सङग सस्थाको भुमिका महत्वपुर्ण रहने गर्दछ। उपभोक्ता अधिकारको सम्बन्धमा निरन्तर पैरवी गर्ने, नियामक निकायमा उजुरी गर्ने, सचेतना कार्यक्रम सञ्चालन गर्ने, सरकारी निकायको उपस्थितिमाबजार अनुगमन गर्ने भुमिका रहनु पर्दछ । यतिमात्र नभएर आम उपभोत्ताले वस्तु तथा सेवा उपभोग गर्दा गुणस्तरको ख्याल गर्ने । वस्तुमा लेबल लगाएको नलगाएको सम्बन्धमा एकीन गर्ने उपभोगमा विवेकशिलता अपनाउने । बिल बिजक लिने, वस्तु तथा सेवाको उत्पादन, सञ्चय ढुवानी बिक्रि बितरणमा अनुचित क्रियाकलाप भएको आशङ्का भएमा नियमनकारी निकायलाई गुनासो तथा जानकारी गराई स्वच्छ बजार कायम गर्नको लागि सहयोग पुर्याउने सक्छन जुन उपभोत्ताले गर्नु पर्छ । नेपालमा अधिकांश बजार अनुगमन उजुरीको आधारमा हुने गरेको छ । नेपाल सरकारले हालसम्म कुन कुन वस्तु वा सेवाको मूल्य निर्धारण सम्बन्धी मापडण्ड कुन कुन निकायले तयार गर्ने भन्ने एकिन हुन नसक्दा अधिकतम मूल्य आधिकारीक तथा सही हो वा होइन भन्ने समस्या नै छ यसको कारण लाखौ उपभोत्ता ठगिको शिकार हुनु परेको छ ।

# पोखारियाको आन्दोलनप्रति महतोको ध्यानाकर्षण

काठमाडौं । राष्ट्रिय मुक्ति क्रान्ति नेपालका अध्यक्ष राजेन्द्र महतोले पर्सा जिल्लाको पोखरीया नगरपालिकामा केही दिनदेखि भइरहेको आन्दोलनप्रति आफ्नो ध्यानाकर्षण भएको बताएका छन् । अध्यक्ष महतोले राष्ट्रिय मुक्ति क्रान्ति नेपालका केन्द्रीय नेता नेजामुद्दिन समानीको अगुवाइमा असोज १३ गतेदेखि भइरहेको अनिश्चितकालीन धर्नाप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएका हुन् ।



जिल्लाको दोस्रो सदरमुकामको रूपमा परिचित पोखरीयामा केही सरकारी कार्यालय तथा अस्पताल लग्ने सम्भौता यसअघि नै भएको तर अहिलेसम्म सरकारी कार्यालय नलगिएको भन्दै नेता समानीले आन्दोलन सुरु गरेका छन् ।अध्यक्ष महतोले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'लोकतन्त्रमा एकजना जनता पनि कुनै विषयमा असन्तुष्ट भई आफ्नो माग मुद्दा अगाडि सारे राज्यले तत्काल सम्बोधन गर्नुपर्दछ । तर आज ११ दिन देखि लगातार पोखरीयावासी आन्दोलनमा बस्दा पनि तीनै तहको सरकार मौन बस्नुले गैरजिम्मेवारीको हद नाघेको छ ।'

जनताको आधारभूत आवश्यकता र दैनिक कामकाज सहज बनाउने उद्देश्यले राखिएका सबै माग मुद्दाहरू तत्काल वार्ता र संवादको माध्यमले समाधान गर्न सरकारसँग उनले आग्रह गरेका छन् ।रोम जलिरहँदा निरोहरुले बाँसुरी बजाएर बसेको जस्तो व्यवहार नगर्न सचेत गराउँदै अध्यक्ष महतोले अन्यथा यसबाट उत्पन्न हुने भयानक र असहज स्थितिको लागि तीनै तहको सरकार जिम्मेवार हुनुपर्ने चेतावनी दिएका छन् ।

# दोहोरो नागरिकताको समस्याबारे गम्भीर छलफल आवश्यक छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रधानमन्त्री दैवी प्रकोप राहत कोषका लागि बुधबार गैह्रआवासीय नेपाली सङ्घ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्ले रु ५१ लाख हस्तान्तरण गरेको छ ।


प्रधानमन्त्री निवास, बालुवाटारमा प्रधानमन्त्री ओलीलाई सङ्घका अध्यक्ष डा बद्री केसीसहितको प्रतिनिधिमण्डलले उक्त रकम हस्तान्तरण गरेको हो । अध्यक्ष डा केसीले हालैको बाढीपहिरो र डुबानको खबरले आफूहरु दुःखित हुँदै कोषमा सहयोगका अतिरिक्त प्रभावित क्षेत्रमा रु एक करोड बराबरको राहत उपलब्ध गराउने कार्य भइरहेको जानकारी गराउनुभयो । उहाँले 'एनआरएनए नागरिकता' प्राप्त भएपछि आर्थिक र सामाजिक काममा पनि त्यसको प्रयोगमा समस्या रहेको गुनासो गर्नुभयो ।

प्रधानमन्त्री ओलीले विपद्का समयमा मानवीय सहयोग गरेकामा सङ्घलाई धन्यवाद दिँदै एक पटकको नेपाली सधैँको नेपाली हुने भए पनि विदेशको नागरिकता लिएपछि नेपालमा राजनीतिक अधिकार प्रयोग गर्न नमिल्ने स्पष्ट गर्दै दोहोरो नागरिकता समस्याको समाधानका लागि गम्भीर छलफल आवश्यक पर्ने बताउनुभयो । उहाँले सङ्घको स्थापनापूर्वदेखि नै नेपालको समृद्धिमा गैह्रआवासीय नेपालीको भूमिकाका लागि आफू लागेको उल्लेख गर्दै कामका लागि विदेश गएकालाई एनआरएनएको परिभाषामा नराख्न आग्रह गर्नुभयो । उहाँले सङ्घलाई राजनीतिक आधारमा नभइ सबै गैह्रआवासीय नेपालीको साझा संस्थाका रुपमा अघि बढाउन सुझाव दिनुभयो ।

यसैगरी बुधबारै विद्युत् उत्पादन कम्पनी लिमिटेडका अध्यक्ष सुरेश आचार्यबाट कम्पनी र त्यहाँका कर्मचारी समेतबाट रु ६ लाख ४६ हजार पाँच सय तथा नेपाल इन्स्योरेस्स कम्पनी, भारतबाट रु १० लाख कोषमा हस्तान्तरण भएको छ ।रासस

**"**

**"एनआरएनए नागरिकता" प्राप्त भएपछि आर्थिक र सामाजिक काममा पनि त्यसको प्रयोगमा समस्या रहेको गुनासो गर्नुभयो ।**



# प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा साल्ट ट्रेडिङद्वारा रु ६० लाख हस्तान्तरण

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीलाई प्रधानमन्त्री दैवी प्रकोप राहत कोषका लागि बुधबार साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले रु ५० लाख हस्तान्तरण गरेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री ओलीलाई कर्पोरेसनका अध्यक्ष प्रदीपलाल श्रेष्ठले उक्त रकम हस्तान्तरण गर्नुभएको हो । सोही अवसरमा प्रधानमन्त्री ओलीलाई कर्पोरेसनका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले रु १० लाख हस्तान्तरण गर्नुभयो ।

कर्पोरेसनमा कार्यरत कर्मचारीका तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले सो रकम हस्तान्तरण गर्नुभएको कर्पोरेसनले जनाएको छ । सो अवसरमा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले हालैको बाढीपहिरो र डुबान पीडितलाई अन्य सहयोग जारी रहने जानकारी दिनुभएको कर्पोरेसनले जनाएको छ । रासस



## पूर्वराजाको दशैं सन्देश :

# बाह्य दबाब र दुष्प्रभाव नबढोस्



काठमाण्डु । भुटानको भ्रमणबाट फर्कने बित्तिकै पूर्वराजा ज्ञानेन्द्र शाहले राजनीतिक महत्वको दशैं शुभकामना दिएका छन् ।

श्री ५ महाराजधिराजको तर्फबाट भनिएको लिखित शुभकामना सन्देशमा बडादशैंको शुभकामनासँगै उनले राजनीतिक सन्देशहरु पनि प्रवाह गरेका हुन् ।जनताको जीवनमा परिवर्तन आओस् भनेर आफूले दरबार छाडे पनि स्वदेशमै बसेको तर परिवर्तन नआएको भन्दै शाहले क्षोभ प्रकट गरेका छन् । उनले उल्टै बाह्य दबाब र दुष्प्रभाव बढेको भन्दै आपत्ति जनाएका छन् ।

'खुसी हुन र रमाउन दशैं नै पर्खनुपर्ने नियतिबाट मुक्त भएर बाह्रै महिना सबै दिन नेपालीले खुसी र सुख प्राप्त गरेको हेर्ने हाम्रो चाहना पूरा हुन नसक्दा हामीलाई दुःख लाग्नु स्वभाविक हो,' शाहले बुधबार जारी गरेको वक्तव्यमा भनिएको छ, 'जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन जस्तोसुकै त्याग गर्न पनि तत्पर रहने शाहवंशीय परम्पराको यथोचित पालना गर्दै हामीले नारायणहिटी दरवार छोडेका थियौं । तर दुई दशक पूरा हुनै लाग्दा पनि स्वदेश मै हर्षका साथ रहने नेपाली जनताको आकांक्षा पूरा नहुँदा हाम्रो वेचैनी बढाएको छ ।'

# उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगका पदाधिकारीलाई नियुक्ति पत्र प्रदान



काठमाण्डु । उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोगका पदाधिकारीहरुलाई नियुक्ति पत्र प्रदान गर्नुभएको छ ।

अर्थ मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा अर्थमन्त्री पौडेलले आयोगका पदाधिकारीहरुलाई नियुक्ति पत्र प्रदान गर्दै निजी क्षेत्र, विज्ञहरु र सरोकारवालासँग छलफल गरी अर्थतन्त्रमा गुणात्मक सुधार ल्याउने सुझाव आयोगबाट प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

उहाँले उक्त सुझावलाई सरकारले कार्यान्वयन गर्ने बताउनुभयो । आयोगका अध्यक्ष रामेश्वर खनालले सबै पक्षसँग परामर्श गरी सरकार, मन्त्री, सरोकारवाला र जनताले अपेक्षा गरेअनुसारको प्रतिवेदन तयार पार्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । आयोगका पदाधिकारीहरुले अर्थतन्त्रकोसमस्या, चुनौती पहिल्याइ 'पोलिसी डिपार्चर' गर्ने किसिमको प्रतिवेदन तयार पार्ने बताउनुभएको छ ।

गत सोमबार सरकारले अर्थतन्त्रमा सुधारका लागि सुझाव दिन खनालको अध्यक्षतामा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्रा डा रामप्रसाद ज्ञवाली, अर्थविद् डा विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा कल्पना खनाल रहनुभएको आयोग गठन गरेको थियो । आयोगको कार्यकाल छ महिनाको तोकिएको छ ।रासस

# 'हुलाक सेवालाई थप प्रविधिमैत्री बनाउन आवश्यक छ'

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले हुलाक सेवालाई समयानुकूल बनाउन संरचनागतदेखि ऐनमा सुधार ल्याउन आवश्यक रहेको बताउनुभएको छ ।

१५०औं विश्व हुलाक दिवसका अवसरमा हुलाक सेवा विभागद्वारा बुधबार आयोजित हुलाक टिकट प्रदर्शनी कार्यक्रमको शुभारम्भ गर्नुहुँदै उहाँले हुलाक सेवालाई थप सूचना प्रविधि मैत्री बनाउँदै युवा पुस्तामा यसप्रतिको आकर्षण



बृद्धि गरिनुपर्छ भन्नुभयो । उहाँले भन्नुभयो, "हुलाक सेवालाई अझ सदृढ बनाउन मन्त्रालय साथ दिनेछ । यसका लागि हुलाक सेवा विभागका कर्मचारीलाई थप सिर्जनशील भएर सेवा प्रदान गर्न म आग्रह गर्दछु । "

नेपाल फिलाटेलिक सोसाइटीको सहकार्यमा विभागले हुलाक टिकट प्रदर्शन आयोजना गरेको हो । प्रदर्शनीमा नेपाललगायत विश्वभरका हुलाक टिकट राखिएका छन् । सो अवसरमा विभागका निमित्त महानिर्देशक ध्रुवराज आचार्यले नेपालमा विसं १९३५ मा हुलाक घरबाट सुरु भएको हुलाक सेवाका समयले निम्त्याएका थुप्रै चुनौती सामना गर्दै आउनुपरेको बताउनुभयो ।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले भिडिया सेन्दश दिनुभएको थियो । सन्देशमा नेपाल हुलाक सेवाका विभिन्न आयाममा अभ्यस्त हुने क्रममा रहेको र यसको विकासका लागि थप अग्रसर हुँदै आएको उल्लेख छ । विश्वभरको हुलाक सेवा प्रभावकारी बनाउने हेतुले सन् १८७४ अक्टोबर ९ मा विश्व हुलाक सङ्घ स्थापना भएको हो । नेपालले सन् १९५६ जुलाई ११ मा सङ्घको सदस्यता लिएको थियो ।

हुलाक सेवा विभागका निर्देशक विशाल सापकोटा, नेपाल फिलाटेलिक सोसाइटीका अध्यक्ष चन्द्र रवि श्रेष्ठ, नेपाल अतिरिक्त हुलाक कर्मचारी एसोसिएसनका अध्यक्ष टङ्कप्रसाद हुमागाईं लगायतले हुलाक सेवाको विगत, वर्तमान र भविष्यबारे धारणा व्यक्त गर्नुभएको थियो । एक दिने प्रदर्शनीमा मिलनचन्द्र जोशी, मन्दिरा प्रधानाङ्ग, रिदिमा शाक्य, दिनेशराज मास्के, दीपेन्द्ररत्न शाक्य, किशोर शर्मालगायतले टिकट सङ्कलन गर्नुभएको छ ।रासस

# हुलाक सेवालाई विद्युतीय व्यापार केन्द्र बनाउन सरकार प्रतिबद्ध छः सञ्चारमन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपाल हुलाक सेवालाई आन्तरिक र अन्तर्राष्ट्रिय तहमा विद्युतीय व्यापारको केन्द्र बनाउने गरी सुदृढ गर्दै लैजान सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । विश्व हुलाक दिवसका अवसरमा बुधबार दिनुभएको शुभकामना सन्देशमा उहाँले हुलाक सेवामार्फत हुने विश्वव्यापी सञ्चारलाई थप प्रभावकारी र समयसापेक्ष बनाउँदै सेवामा विविधीकरण एवं आधुनिकीकरण गर्नु अबको आवश्यकता भएको समेत बताउनुभयो ।



"सूचना प्रविधिको प्रयोगसहित नेपाल हुलाकलाई आन्तरिक र अन्तर ाष्ट्रिय तहमा विद्युतीय व्यापारको केन्द्र बनाउने गरी यसलाई सुदृढ गर्दै लैजान सरकार प्रतिबद्ध छ", मन्त्री गुरुङले सन्देशमा भन्नुभएको छ । उहाँले आन्तरिक हुलाक सेवामा समेत विविधिकरण गर्नुपर्नेमा जोड दिनुभएको छ । मन्त्री गुरुङले निजी क्षेत्रद्वारा सञ्चालित कुरियर सेवा, ट्रान्सपोर्ट सेवालगायतका मिल्दो सेवासँग प्रतिस्पर्धा गर्दै नेपाल हुलाकले छिटो छरितो ढङ्गबाट चुस्त दुरुस्त र समयानुकूल सेवा प्रवाहगर्दै आफ्नो साख र गौरव कायम राख्न समेत सुझाव दिनुभएको हो ।

उहाँले चालु आर्थिक वर्षबाट नेपाल हुलाकको संरचनागत रूपान्तरण गरी एक स्थानीय तह एक हुलाक कार्यालयको अवधारणा बमोजिम नै हुलाक कार्यालयको पुनसंरचनाको कार्य सम्पन्न भएको उल्लेख गर्नुभएको छ ।

मन्त्री गुरुङद्वारा जारी शुभकामना सन्देशमा भनिएको छ, "विश्वव्यापी रूपमा हुलाक सेवाका सेवाग्राहीलाई गुणस्तरीय हुलाक सेवा प्रदान गर्ने विषयमा विश्व हुलाक सङ्घसँग सहकार्य गर्न नेपाल हुलाक सदैव प्रतिबद्ध छ ।"विश्वकै दोस्रो पुरानो अन्तर्राष्ट्रिय संस्थाको रूपमा सन् १८७४ अक्टोवर ९ मा स्थापित विश्व हुलाक सङ्घको स्थापना भएको थियो । हरेक वर्ष अक्टोबार ९ तारिखमा विश्व हुलाक सङ्घका सबै सदस्य राष्ट्रमा भव्यताका साथ विश्व हुलाक दिवस मनाउने गरिन्छ ।

संयुक्त राष्ट्र सङ्घको विशिष्टीकृत संस्थाका रूपमा रहेको विश्व हुलाक सङ्घ स्थापनाका एक सय ५० वर्ष पुगेको अवसरमा यस वर्ष 'सञ्चारलाई सक्षम पार्ने र राष्ट्रभरका मानिसलाई सशक्त बनाउने एक सय ५० वर्ष' भन्ने नारासहित यो दिवस मनाइँदैछ । विसं १९३५ मा स्थापना भई नेपाल हुलाक घरबाट हुलाक सेवा सुरू भएको थियो । नेपालले सन् १९५६ मा विश्व हुलाक सङ्घको सदस्यता प्राप्त गरी हुलाक सेवाको विश्व मञ्चमा यसका साझा उद्देश्य प्राप्तिको यात्रामा निरन्तर लागिरहेको छ ।

दिवसका अवसरमा आज नेपाल फिलाटेलिक सोसाइटीसँगको सहकार्यमा हुलाक सेवा विभाग परिसर, बबरमहलमा टिकट प्रदर्शनी सञ्चालन गरिएको छ ।

यस्तै विभागमा तीन दिन दीपावली गर्ने कार्यक्रम छ । दिवसको पूर्वसन्ध्यामा विभागले मङ्गलबार नै कार्यालय परिसर सरसफाइको कार्यक्रम समेत सम्पन्न गरेको थियो ।रासस

# विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सामग्री पु-याउन सक्दो पहल गर्छौं: मन्त्री पौडेल



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले विपद् प्रभावित क्षेत्रमा आवश्यक स्वास्थ्य सामग्री पुऱ्याउन सक्दो पहल गर्ने बताउनुभएको छ । स्वास्थ्य सामग्री अभाव भए मन्त्रालयलाई खबर गर्न उहाँले आग्रह गर्नुभयो ।

विपद् प्रभावित क्षेत्रका नागरिकलाई सम्बोधन गर्दै मन्त्री पौडेलले पानीको शुद्धीकरण, व्यक्तिगत सफाइ तथा स्वास्थ्य उपचारका लागि आवयश्यक सामग्री मन्त्रालयले पठाएको उल्लेख गर्नुभयो । "विपद्पछि पानीको स्रोतमा हुने प्रदूषण र फोहरका कारण पखाला, हैजा वा लामखुट्टेको टोकाइबाट डेङ्गु र जापानिज इन्सेफ्लाइटिसजस्ता सङ्क्रमणबाट पीडित हुन नपरोस् । हामीले सचेतना र आवश्यक शुद्धीकरण तथा सरसफाइका सामग्री विपद् प्रभावित क्षेत्रमा पठाएका छौं," उहाँले भन्नुभयो । सम्बन्धित ठाउँमा ती सामग्री पुगे नपुगेको बारे स्थानीय स्वास्थ्य संस्था वा मन्त्रालयको आपतकालीन सहायता नम्बर १११५ मा सम्पर्क गर्न उहाँले आग्रह गर्नुभएको छ ।"

देश प्राकृतिक विपद्को चपेटामा परेका कारण नागरिकले कष्ट भोगिरहनुपरेको उल्लेख गर्दै मन्त्री पौडेलले बाढी पहिरोका कारण सिर्जित सङ्कटको चुनौतीबाट पार पाइ नसकेको बताउनुभयो । "हामीले विपद्का समयमा घाइतेको निःशुल्क उपचारको प्रयत्न गर्यौं । तर अब हामीले यत्तिकैमा सन्तोष मानेका छैनौं । नागरिकको स्वास्थ्यको रक्षा गर्न आवश्यक हरेक प्रयत्नमा हामी तपाईंको साथमा छौं ।"

तीनै तहका सरकारको सहकार्यमा स्वस्थ पिउने पानी उपलब्ध गराउने प्रयत्न सङ्घीय सरकारले गरिरहेको र कतिपय स्थानमा तत्काल विकल्प प्राप्त नहुँदासम्म तथा सङ्क्रामक रोगबाट जोगिन पानी उमालेर वा शुद्धीकरण गरेर मात्र पिउन उहाँले अनुरोध गर्नुभएको छ । मन्त्री पौडेलले विपद्को घडीमा तमाम कठिनाइबीच आम नागरिकको सेवामा तल्लीन भएको भन्दै स्वास्थ्यकर्मी र स्वयंसेवीलाई धन्यवाद दिनुभएको छ ।रासस

# प्रहरीले महानगरलाई हस्तक्षेप गरयो : बालेन

काठमाण्डु । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले प्रहरीले आफूहरूलाई सहयोग नगरेको आरोप लगाएका छन् । नियमअनुसार पशुपति क्षेत्र विकास कोषले महानगरलाई पशुपति धर्मशालाको जिम्मेवारी दिए पनि प्रहरी भने मारवाडी सेवा समितिलाई नै संरक्षण गर्न लागिपरेको आरोप लगाएका हुन् ।

'नाजायज सम्बन्धबाट सम्झौता गरी गौशाला धर्मशालाको नाममा मारवाडी सेवा समितिले ९ रोपनी ९ आना २ पैसा जग्गा वर्षौंदेखि केही हजार रुपैयाँ तिरेर हड्पेको जग्गा अदालतले दाबी पुग्दैन भनेर पशुपति विकास कोषलाई नै जिम्मा दिन्छ । अनि कोषले महानगरलाई धर्मशाला असक्तहरूलाई निःशुल्क खाना र औषधि उपचार गर्न भनेर दिएको कुरा अहिलेलाई संरचना महानगरले संरक्षण गर्न खोज्दा नेपाल प्रहरीले महानगरलाई हस्तक्षेप गरेर त्यो समितिको संरक्षण गर्छ भने बुझे हुन्छ देश चलेको त यस्तै समितिबाट पो रहेछ', शाहले बुधबार फेसबुकमा लेखका छन् ।

मंगलबार काठमाडौं महानगरपालिका र कोषबीच ७ बुँदे सहमति भएसँगै धर्मशाला व्यवस्थापनको जिम्मेवारी महानगरले पाएको छ । तर, बुधबार धर्मशाला खाली गराउन पुग्दा समितिका पदाधिकारीहरूले विरोध गरेका थिए भने बालेनले प्रहरीले पनि उनीहरूलाई नै साथ दिएको आरोप लगाएका हुन् ।

# ब्याजदर यथावत राख्ने भारतीय केन्द्रीय बैङ्कको निर्णय

एएफपी

मुम्बई । भारतको केन्द्रीय बैङ्कले बुधबार ब्याज दरलाई स्थिर राख्ने निर्णय सार्वजनिक गरेको छ ।




विश्वको पाँचौं ठूलो अर्थव्यवस्थामा वृद्धि मध्यम रहेको अवस्थामा बैङ्कले भविष्यमा ब्याजदर कटौतीको लागि ढोका खुला छोडेको छ ।भारतीय रिजर्भ बैङ्क अफ इन्डिया (आरबीआई) ले भनेको छ, "ब्याजदरमा महत्त् वपूर्ण मानिने 'रिपो रेट' अर्थात् केन्द्रीय बैङ्कले वाणिज्य बैङ्कबाट ऋणमा तिर्ने अल्पकालीन ब्याजमा लगातार दशौं बैठकमा पनि ६.५ प्रतिशतमा अपरिवर्तित रहनेछ।"

केन्द्रीय बैङ्कका गभर्नर शक्तिकान्त दासले मुद्रास्फीतिलाई आफ्नो लक्ष्यसँग जोड्न बैङ्क 'स्पष्ट रूपमा केन्द्रित' रहने र अझै पनि वृद्धिलाई समर्थन गर्ने बताउनुभएको छ। उहाँले भन्नुभयो, "धेरै प्रयासका साथ मुद्रास्फीतिको दरलाई स्थिरमा ल्याइएको छ।""हामीले ब्याजदर वृद्धि गर्दा धेरै होसियार हुनुपर्छ किनकि मुद्रास्फीति दर फेरि एक्कासी उच्च हुन सक्छ," दासले भन्नुभयो ।

अमेरिकी फेडरल रिजर्भसहित विश्वका प्रमुख केन्द्रीय बैङ्कहरूले मुद्रास्फीतिमा कमी आएसँगै विश्वव्यापी सहजता चक्र सुरु गरेका छन्, जसले गत महिना चार वर्षमा पहिलो पटक ब्याजदर घटाएको थियो।भारतको खुद्रा मुद्रास्फीति अगस्टमा ३.६५ प्रतिशतमा कायम भएको थियो, जुन जुलाईमा रेकर्ड गरिएको ३.५४ प्रतिशतको तुलनामा केही बढी हो।मध्यपूर्वमा जारी द्वन्द्वले भविष्यमा उल्टो जोखिम निम्त्याउन सक्ने विश्लेषकहरूको बुझाइ छ ।

आरबीआईको मौद्रिक नीति समितिले भने आफ्नो नीतिगत अडानलाई पहिलेको स्थितिबाट ' तटस्थ' मा परिवर्तन गर्ने घोषणा गरेको छ। यसले भविष्यमा दर कटौतीको आधार तयार गरेको छ।भारतीय केन्द्रीय बैङ्कको यो निर्णय आर्थिक वृद्धिमा सुस्तताको प्रारम्भिक सङ्केतपछि आएको हो ।मार्चदेखि जुनसम्मको त्रैमासिकमा भारतको आर्थिक वृद्धि दर ६.७ प्रतिशत रहेको छ भने सरकारी खर्चमा कमी र केही आर्थिक सूचकहरूले शहरी उपभोक्ताको भावनामा सुस्तता देखाएका छन् ।

तथ्याङ्कले भारतलाई विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको प्रमुख अर्थतन्त्रको सूचीमा राखेको छ, तर यो पाँच त्रैमासिकमा वृद्धि दरमा सामान्य सुस्तता देखिएको छ। यो वृद्धि दर केन्द्रीय बैङ्कको ७.१ प्रतिशतको अनुमानभन्दा कम हो ।अन्तर ाष्ट्रिय मुद्राले सन् २०२४/२५ मा भारतको आर्थिक वृद्धिदर ७ प्रतिशत रहने प्रक्षेपण गरेको छ ।आरबीआईले मे २०२२ देखि फेब्रुअरी २०२३ को बीचमा २.५ प्रतिशत बिन्दुले ब्याजदर वृद्धि गरेको थियो ।

# संयुक्त राष्ट्रसंघको शरणार्थी पुरस्कार ब्राजिलीयाली भिक्षु माइलेसीलाई, नेपालकी गुरुङ पनि सम्मानित

एएफपी

जेनेभा । आप्रवासी र शरणार्थीको अधिकारका लागि दशकौँ लामो समयदेखि काम गर्दै आएकी ब्राजिलीयाली भिक्षुणी रोसिटा माइलेसीले बुधबार संयुक्त राष्ट्रसङ्घीय शरणार्थी निकाय (युएनएचसिआर)को नानसेन पुरस्कार जित्नुभएको छ ।



७९ वर्षीय माइलेसीले ४० वर्षको अवधिमा ब्राजिलमा कानुनी कागजात, आवास, खाना, स्वास्थ्य सेवा, भाषा प्रशिक्षण र श्रम बजारमा पहुँच पुऱ्याउन हजारौँ मानिसलाई सहयोग गरेको युएनएचसीआरले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

माइलेसीसहित चार क्षेत्रीय पुरस्कार पनि सबै महिलाहरूलाई दिइएको छ । माइलेसीसँगै क्षेत्रीय पुरस्कारबाट नेपालकी दीप्ति गुरुङ, बुर्किना फासोकी मैमौना बा, , सिरियाली जिन डाभोद, सुडानी शरणार्थी नाडा फाडोल सम्मानित भएका छन् । सम्मानित हुने चार व्यक्तित्वमध्येकी एक नेपाली चेली गुरुङ रहनुभएको छ । उहाँले आफ्ना छोरीहरू राज्यविहीन भएपछि नेपालको नागरिकता कानुनमा सुधार का लागि अभियान चलाउनुभएको थियो ।

"मैले आप्रवासी र शरणार्थीहरूको लागि आफूलाई समर्पित गर्ने निर्णय गरेँ । म शरणार्थीहरूलाई सहयोग गर्न, स्वागत गर्न र एकीकृत गर्न बद्ध दो आवश्यकताबाट प्रेरित छु," माइलेसीले पुरस्कृत भएपछि दिएको संक्षिप्त टिप्पणीमा भन्नुभएको छ । रोमन क्याथोलिक भिक्षुणीले माइग्रेसन एण्ड ह्युमन राइट्स इन्स्टिच्युटलाई शरणार्थीको हक हितका लागि नडराईकन काम गर्न निर्देशन दिँदै भन्नुहुन्छ, "म काम गर्न डराउँदिन, यद्यपि हामीले चाहेको सबै कुरा प्राप्त गर्न सक्दैनौँ। यदि मैले त्यसो गर्न सक्थेँ भने यसलाई प्राप्त गर्न म संसारलाई उल्टो पारिदिने थिए ।"

यूएनएचसीआरले उहाँको कामको बारेमा प्रकाश पार्दै माइलेसीले शरणार्थीको हक र हितका लागि एक सशक्त वकीलको रूपमा काम गर्नुभएको छ । उहाँको कामले विशेष गरी ब्राजिलको १९९७ को शरणार्थी कानून निर्माणमा अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको सार्वजनिक नीतिलाई आकार दिन 'महत्वपूर्ण' भूमिका खेलेको बताएको छ । उहाँले ब्राजिलको सन् २०१७ को आप्रवासन कानुनमा पनि यस्तै भूमिका खेल्नुभएको थियो । यो कानुनले ब्राजिलका विभिन्न समूहलाई एक ठाउँमा ल्याउने र सांसदहरूलाई परिचालन गर्ने काम भएको थियो।

संयुक्त राष्ट्रसंघका शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले जारी गरेको वक्तव्यमा भनिएको छ, "प्रायजसो महिलाहरूले भेदभाव र हिंसाको उच्च जोखिमको सामना गर्छन्, विशेष गरी जब उनीहरू भाग्न बाध्य हुन्छन्। "उहाँले भन्नुभयो, "तर यी पाँच विजेताहरूले कसरी महिलाहरूले मानवीय प्रतिक्रिया र समाधान खोज्नमा महत्त् वपूर्ण भूमिका खेलिरहेका छन् भन्ने देखाउँछन् ।"बुर्किना फासोकी अधिकारकर्मी मैमौना बाले १०० भन्दा बढी विस्थापित बालबालिकालाई कक्षाकोठामा फर्कन मद्दत गर्नुभएको थियो ।

सिरियाली शरणार्थी र सामाजिक उद्यमी जिन डाभोद पनि क्षेत्रीयस्तरको राष्ट्रसङ्घीय शरणार्थी पुरस्कारबाट सम्मानित हुनुभएको छ । उहाँले हजारौं आघात पीडितहरूलाई लाइसेन्स प्राप्त चिकित्सकहरूसँग जोड्न अनलाइन प्लेटफर्म निर्माण गर्नुभएको थियो । सयौं शरणार्थी परिवारहरूको लागि सहायता जुटाउने कामका लागि सुडानी शरणार्थी नाडा फाडोल पनि राष्ट्रसङ्घीय शरणार्थी पुरस्कारबाट सम्मानित हुनुभएको छ । जसले इजिप्टमा भागिरहेका सयौं शरणार्थी परिवारहरूको लागि सहायता जुटाए।

मोल्दोभाका नागरिकले छिमेकी युक्रेनको युद्धबाट भागेर आएका १० लाखभन्दा बढी मानिसहरूलाई समायोजित गर्ने सामूहिक प्रयासका लागि पुरस्कृत गरिएको छ । माथि उल्लेखित सबै पुरस्कार आगामी अक्टोबर १४ मा जेनेभामा प्रदान गरिनेछ ।सन् १९५४ मा स्थापना भएको नानसेन पुरस्कार अन्तर्गत विजेताको कामलाई परिपूरक बनाउने परियोजनाका लागि एक लाख अमेरिकी डलर प्राप्त गर्नेछन् । क्षेत्रीय विजेताले जनही २५ हजार अमेरिकी डलर प्राप्त गर्नेछन् ।


सन् १९२२ को नोबेल शान्ति पुरस्कार विजेता नर्वेजियन ध्रुवीय अन्वेषक फ्रिडजोफ नानसेनको नामबाट यो पुरस्कारको नामकरण गरिएको हो। उहाँले नानसेन राहदानी विकास गर्नुभएको थियो । यसलेसन् १९४२ सम्म शरणार्थीहरूको लागि एक परिचय पत्र र यात्रा अनुमतिको रूपमा काम गर्दथ्यो। नानसेन पुरस्कारको गत वर्षको विश्व विजेता सोमालियाका पूर्व शरणार्थी अब्दुल्लाही मिरे हुनुहुन्छ भने सन् २०२२ मा जर्मनीकी पूर्व चान्सलर एन्जेला मर्केल विश्व विजेता बन्नुभएको थियो ।

# बेकर, जम्पर र हसाबिस रसायनशास्त्रतर्फको नोबेल पुरस्कारबाट सम्मानित

एएफपी

स्टकहोम । अमेरिकी वैज्ञानिकद्वय डेभिड बेकर र जोन जम्पर तथा बेलायती डेमिस हसाबिसलाई रसायनशास्त्रतर्फको नोबेल पुरस्कार प्रदान गरिएको छ ।

आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरेर प्रोटिनको संरचनाको पूर्वानुमान गर्ने कामका लागि रसायनशास्त्री बेकर, जम्पर र हसाबिसलाई रसायनशास्त्रतर्फको



नोबेल पुरस्कार प्रदान गरिएको हो ।बेकरलाई 'कम्प्युटेशनल प्रोटिन डिजाइनका लागि' आधा पुरस्कार दिइएको थियो भने हसाबिस र जम्परलाई 'प्रोटिन स्ट्रक्चर प्रिडिक्सनका लागि' पुरस्कार दिइएको थियो । संयुक्त राज्य अमेरिकामा कार्यरत तीन वैज्ञानिक मूङ्गी बावेन्डी, लुई ब्रूस र अलेक्सी एकिमोभला गत वर्ष यो विधामा पुरस्कृत भएका थिए। उनीहरूले न्यानोटेक्नोलजीमा विशिष्ट योगदान पुऱ्याएका थिए।

उनीहरूले 'क्वान्टम डट' भनिने सूक्ष्म कण विकास गरेका हुन्। ती कणका विशिष्ट गुणहरू हुन्छन् र तिनले अहिले टेलिभिजनको स्क्रीन र एलईडी बत्तीबाट आफ्नो प्रकाश फैलाउँछन्। तिनले रासायनिक प्रतिक्रियामा उत्प्रेरकको काम गर्छन्। अनि शल्यक्रिया गर्दा तिनको स्पष्ट प्रकाशले ट्यूमरका कोषलाई देखिनेगरी उज्यालो पारिदिन सक्छ। सौर्य प्यानलमा पनि तिनको प्रयोग हुन्छायस वर्ष चिकित्साशास्त्रतर्फको पुरस्कार अमेरिकी वैज्ञानिकद्वय भिक्टर एम्ब्रोस र ग्यारी रभ्कनले ' माइक्रोआरएनए'को आविष्कार र आनुवंशिक प्रणालीको नियमनमा त्यसको भूमिकाका लागि पाउने भएका छन्।

त्यसैगरी, भौतिक शास्त्रतर्फको पुरस्कार आर्टिफिशल इन्टेलिजन्स (एआई)सम्बन्धी अनुसन्धानका लागि अमेरिकी वैज्ञानिक जोन जे हप्फील्ड र ब्रिटिश क्यानडेली कम्प्युटर वैज्ञानिक जेफ्री ई हिन्टनले पाउने भएका छन्। अब बिहीवार साहित्य, शुक्रवार शान्ति र आगामी साता सोमवार अर्थशास्त्रतर्फको पुरस्कार विजेताको नाम घोषणा हुनेछ।

# जापानका प्रधानमन्त्रीद्वारा मध्यावधि निर्वाचनका लागि संसद विघटन

एएफपी

टोकियो । जापानका प्रधानमन्त्री शिगेरु इशिबाले आगामी अक्टोबर २७ मा हुने मध्यावधि निर्वाचनको पूर्वसन्ध्यामा बुधबार संसद विघटन गर्नुभएको छ । इशिबाको लिबरल डेमोक्रेयाटिक पार्टी (एलडीपी) ले दशकौँदेखि जापानमा लगभग निर्बाध रूपमा शासन गर्दै आएको छ । यो दलमा बारम्बार नेता परिवर्तन भइरहँदा जनताको विश्वास घट्ने क्रम बढेको छ । एलडिपी पुनः निर्वाचित हुने लगभग निश्चित छ ।



गत हप्ता मात्र प्रधानमन्त्रीमा नियुक्त भएका इशिबा जापानको जनसाि्कीय सङ्कटबाट प्रभावित गरिब क्षेत्रका साथै रक्षामा खर्च बढाउने जस्ता नीतिहरू मार्फत आफ्नो जनादेशलाई अगाडि बढाउन चाहनुहुन्छ । इशिबाले बुधबार पत्रकारहरूसँग भन्नुभयो, "हामी यो निर्वाचनलाई निष्पक्ष र इमानदारीपूर्वक सामना गर्न चाहन्छौं, ताकि यो सरकारले (जनताको) विश्वास प्राप्त गर्न सकोस्।"संसदका सभामुखले सम्राटको छाप भएको प्रधानमन्त्रीको पत्र पढेर सुनाएका थिए, जसमा सांसदहरूले 'बन्जाई' को नारा लगाएपछि औपचारिक रूपमा संसद् विघटन गर्नुभएको हो।

इशिबाका पूर्ववर्ती फुमियो किशिदाको तीन वर्षे सरकारले स्लश कोष प्रकरण र बढ्दो मूल्यवृद्धिमा मतदाताको असन्तोषका कारण अत्यधिक न्यून दरमा अनुमोदित हुनुपरेको थियो।गत हप्ता भएको सर्वेक्षणले इशिबालाई ४५-५० प्रतिशतले अनुमोदन गरेको थियो भने किशिदा प्रशासनको अन्तिम महिनामा किशिदालाई २०-३० प्रतिशत अनुमोदन दर (समर्थन) थियो ।इशिबाका समर्थकहरूले आत्म-स्वीकृत प्रतिरक्षा 'गीक' र एलडीपीको संस्थापन पक्षका मुखर आलोचक इशिबाले पार्टीको लोकप्रियतालाई बढावा दिने र युवाहरूलाई मतदानमा आकर्षण गर्ने विश्वास लिएका छन् ।

टोकियो विश्वविद्यालयका राजनीतिशास्त्रका प्राध्यापक यु उचियामाका अनुसार अहिले संसद् विघटन गरेर ६७ वर्षीय इशिबाले आफ्नो '१०० दिन' को शासन अवधि सकिनुअघि नै आफ्नो पार्टीलाई परीक्षण गर्न चाहनुभएको छ । उहाँले एएफपीसँग भन्नुभयो, "पार्टीको नेतृत्वमा 'अनुहार' परिवर्तन हुनेबित्तिकै मध्यावधि चुनाव घोषणा गर्न चाहनु बुद्धिमानी हो । अझै पनि एलडिपीप्रतिको समर्थन कायमै छाउचियामाले इशिबा पनि विपक्षी शक्तिलाई समात्न चाहनुहुन्छ किनकि एलडीपीका शत्रुहरू चुनावमा एकअर्कासँग कसरी समन्वय गर्ने भन्नेबारे अनिश्चित छन्।

तर यति चाँडो मध्यावधि निर्वाचन गर्ने प्रधानमन्त्रीको निर्णयले संसद्मा प्रतिपक्षलाई प्राथमिकता दिने उहाँको अघिल्लो प्रतिबद्धताविपरीत काम गरेको भन्दै आलोचना पनि भएको छ।"केही मतदाताले यसलाई राजनीतिक लाभका लागि संसद् विघटन गर्न 'आफ्नो पार्टीभित्रको दबाबका सामु झुक्नु' निराशाजनक सङ्केतका रूपमा हेरेका छन्," उचियामाले भन्नुभयो । सप्ताहन्तमा इशिबाले एलडिपीले चुनावमा राजनीतिक चन्दा काण्डमा मुछिएका पार्टीका केही अपमानित सदस्यहरूलाई समर्थन नगर्ने घोषणा गर्नुभएको थियो ।

यो घोषणाले उहाँ 'कडा' हुन सक्नुहुन्छ र 'सम्भवतः उहाँप्रति जनताको विश्वास केही हदसम्म पुनः प्राप्त गर्न सक्छन्' भन्ने कुरा जनतासामु प्रदर्शन गर्ने उनको चाहनालाई प्रतिबिम्बित गरेको उचियामाले बताउनुभयो ।इशिबाले एसियामा सुरक्षा वातावरण ' दोस्रो विश्वयुद्धको अन्त्यपछिको सबैभन्दा गम्भीर' रहेको बताउँदै शुक्रबार आफ्नो पहिलो नीति भाषणमा 'भोलिको पूर्वी एसिया आजको युक्रेन हुन सक्ने' चेतावनी दिनुभएको छ ।

जापानले पनि जनसाि्यकीय सङ्कटको सामना गरिरहेको छ किनकि जापानको वृद्ध उमेर समूहको जनसर््या र जन्म दर निकै चिन्ताजनक छ। इशिबाले यसलाई आफ्नो नीति तथा कार्यक्रममा 'विल्कुल सङ्कटोन्मुख' को संज्ञा दिनुभएको थियो।उहाँले आफ्नो सरकारले काम गर्ने समयलाई लचिलो पार्दै पारिवारिक वातावरणका उपायहरूलाई बढावा दिने बताउनुभएको छ ।

इशिबा प्रशासनले ' जापानको अर्थव्यवस्था लाई अपस्फीतिबाट बाहिर निकाल्ने सुनिश्चित गर्ने' प्रतिज्ञा गरेको छ भने नयाँ प्रोत्साहन प्याकेजको साथसाथै स्थानीय सरकार र कम आय भएका परिवारहरूको लागि सहयोग गरी आय बढाउन चाहन्छायसैबीच, जापानको प्रमुख विपक्षी दल 'कन्स्टिच्युसनल डेमोक्र्याटिक पार्टीले समलिङ्गी विवाहलाई वैधानिकता दिने प्रतिबद्धतासहित विविध विषयमा एलडिपीभन्दा आफूलाई अलग राख्न चाहेको छ ।

# पाकिस्तानमा भएको आक्रमणको राष्ट्रसङ्घद्वारा निन्दा

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ ।संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले मङ्गलबार एक प्रेस विज्ञप्ति जारी गर्दै पाकिस्तानको दक्षिणी बन्दरगाह सहर कराँचीमा आइतबार राति भएको आतङ्‌ वादी हमलाको कडा निन्दा गम्भीर खतरा भएको दोहोऱ् याउदै आतङ्कवादमा अपराधी, र प्रायोजकलाई जवाफदेही बनाउन कानुनी दायरामा ल्याउन आवश्यक रहेको उल्लेख गरेका छन् । यसैगरी अधिकारीहरुले सबै राज्यहरूलाई अन्तर्राष्ट्रिय कानून र सुरक्षा परिषद्का



गरेको छ। आक्रमणमा दुई जना चिनियाँ लगायत धेरैजना पाकिस्तानी नागरिकहरूको मृत्यु हुनुका साथै कयौं पाकिस्तानी नागरिकहरू घाइते भएका छन् ।

सुरक्षा परिषद्का सदस्यहरूले "जिन्ना अन्तर्राष्ट्रिय विमानस्थल, कराँची, पाकिस्तान नजिकै भएको हमलाको एक विज्ञप्तिमार्फत निन्दा गरेका छन् । विज्ञप्तिमा भनिएको छ, "पीडित परिवार तथा चीन र पाकिस्तानका सरकारप्रति समवेदना व्यक्त गरेका छन् भने घाइतेहरूको शीघ्र तथा पूर्ण स्वास्थ्य लाभको कामना गरेका छन् ।"

परिषद्का सदस्यहरूले आतङ्कवादको सबै रूप तथा अभिव्यक्ति अन्तर्राष्ट्रिय शान्ति र सुरक्षाका लागि प्रस्ताव अन्तर्गतका दायित्वहरू अनुसार चीन र पाकिस्तानका सरकारसहित अन्य सान्दर्भिक अधिकारीहरूसँग सक्रिय रूपमा सहयोग गर्न आग्रह गरेका छन् ।

सुरक्षा परिषद्का सदस्यहरूले आतङ्कवादको कुनै पनि कार्य आपराधिक र अन्यायपूर्ण रहेको ठहर गर्दै सबै राष्ट्रहरूले संयुक्त राष्ट्रको बडापत्र र अन्तर ाष्ट्रिय कानून अन्तर्गतका अन्य दायित्व अवलम्बन गर्दै आतङ्कवादले अन्तर्राष्ट्रिय शान्ति-सुरक्षामा हुने खतराविरुद्ध लड्नुपर्ने आवश्यकतामा जोड दिए । उक्त आतङ्कवादी हमलाको प्रतिबन्धित सङगठन बलुचिस्तान लिबरेसन आर्मीले जिम्मेवारी लिइसकेको छ ।

# पाकिस्तानमा प्रदुषणका कारण भाइरसजन्य रोगमा वृद्धि

एएनआई

कराँची । खराव धुवाँ अपर्याप्त सरसफाई, अस्वच्छ अवस्था र फोहोर व्यवस्थापन प्रणालीको असफलताका कारण पाकिस्तान डेङ्गु, मलेरिया र चिकनगुन्या जस्ता भाइरसजन्य रोगका केसहरुमा निरन्तर वृद्धि भइरहेको छ भने कराँचीका बासिन्दाहरूको स्वास्थ्यमा गम्भीर असर पारेको छ ।




सिन्ध स्वास्थ्य विभागले सेप्टेम्बरमा मात्रै उक्त प्रान्तका एक हजार ५०० भन्दा बढी मानिस डेङ्गु भाइरसबाट प्रभावित भएको तथ्याङ्क सार्वजनिक गरेको डन पत्रिकाले जनाएको छ ।पाकिस्तान मेडिकल एसोसिएसनका पूर्व महासचिव डा. कैसर सज्जादले विगत १०-१५ वर्षमा भाइरसजन्य रोगको सर््या बढेको बताउनुभएको छ । समाधानका लागि कराँचीमा सरसफाई र स्वच्छताको सन्दर्भमा गरिब सहर बनेको डर व्यक्त गर्दै उहाँले फोहोर व्यवस्थापन गर्न प्रभावकारी प्रणाली नभएसम्म अवस्था बिग्रने उल्लेख गर्नुभएको छ ।

उहाँले डेङ्गु, मलेरिया र चिकनगुन्याका सन्दर्भमा सहरको स्वच्छताको अभावले पनि राइनोभाइरस, राइनोफ्यारिन्जाइटिस र टाइफाइडको वृद्धि भएको बताउनुभएको छ । स्थानीय प्रशासनले रोग नियन्त्रणको 'व्यापक' प्रयासको दाबी गरेपनि, नगरपालिका र स्वास्थ्य अधिकारीहरूले लिएको दृष्टिकोण यसको प्रभावकारिताको कमीका कारण प्रश्न उठेको डनले जनाएको छ ।

# काशिमरमा अपहरणपछि एक भारतीय सैनिकको मृत्यु

एएफपी

श्रीनगर । भारत प्रशाशित काशिमरमा निर्वाचनको परिणाम सार्वजनिक भएको केही घण्टापछि एक सैनिकलाई सन्दिग्ध लडाकूले अपहरण गरी हत्या गरेको प्रहरीले जनाएको छ ।

भारत प्रशासित काशिमरमा एक दशकपछि पहिलो पटक भएको विधान सभा निर्वाचनको परिणाम सार्वजनिक भएको केही घण्टापछि प्रहरीले एक सैनिकलाई सन्दिग्ध लडाकूले अपहरण गरी हत्या गरेको जनाएको छ ।सन् १९४७ मा बेलायती शासनबाट स्वतन्त्र भएदेखि नै मुस्लिम बाहुल्य रहेको काशिमर भारत र पाकिस्तानबीच विभाजित छ।

अनन्तनाग जिल्लामा मङ्गलबार साँझ दुई सैनिकको अपहरण भएको प्रहरी अधिकारीले एएफपीलाई जानकारी दिएका छन् ।"एक जना सैनिक भाग्न सफल भए। उनलाई दुई वटा गोली लागेको छ र उनको उपचार भइरहेको छ," नाम नबताउने शर्तमा ती अधिकारीले भने।सैनिकद्वयको अपहरणपछि उनीहरूको खोजी सुरु गरिएको र केही घण्टापछि अर्थात् बुधबार बिहान अर्को एक सैनिकको शव जङ्गलमा फेला परेको थियो ।

सन् १९८९ यता दशौं हजार सर्वसाधारण, सैनिक र विद्रोही मारिएको सशस्त्र विद्रोहसँग जुधिरहेका काशिमरमा कम्तीमा पाँच लाख भारतीय सेना तैनाथ छन् ।भारतले पाकिस्तानमाथि विद्रोहीलाई सहयोग र हतियार उपलब्ध गराएको आरोप लगाउँदै आएको छ।आणविक शक्ति सम्पन्न यी छिमेकीले सन् १९४७ देखि यस क्षेत्रको नियन्त्रणका लागि कैयौं पटक लडाँइ गरेका छन् ।

# बालविवाह रोक्न बालिका बीमा कार्यक्रम

लुम्बिनी।रूपन्देहीको गैडहवा गाउँपालिकाले बालिकाको बालिका बीमा गर्ने भएको छ। गाउँपालिकाले 'छोरी बचाउ छोरी पढाउ अभियान' अन्तर्गत गाउँपालिकामा जन्मिएका बालिकाको बालिका बीमा गर्ने कार्यक्रम अघि बढाएको हो।

गाउँपालिकाका बालिकालाई प्रोत्साहन, छोरीको शैक्षिक विकास, तथा बालविवाह रोक्नका लागि गाउँपालिका अध्यक्ष




बालिका बीमा योजना निर्देशिका २०८१ मा उल्लेख भए बमोजिम पालिका र प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सबीच सम्झौता भएको हो।

गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौड्यालले बालिका बीमा कार्यक्रम ई-बोलपत्रबाट खोलेर सम्झौता गरिएको बताउनुभयो। उहाँले बालिकालाई शिक्षित बनाउन र बालविवाह रोक्नका लागि बीमा कार्यक्रमले भूमिका खेल्ने बताउनुभयो। प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सका लुम्बिनी प्रदेश उपप्रमुख कृष्णप्रसाद पोखेलले बालिका बीमाले गैडहवामा जन्मिएका बालिकाको अभिभावक (बुवा वा आमा) को जोखिम वहन हुने गरी एकल भुक्तानीमा बालिका बीमा गरिएको बताउनुभयो।

उहाँले २० वर्षभित्र बालिकाको बुवा आमाको दुर्घटना वा अन्य कुनै कारणबाट मृत्यु भएमा कम्पनीको नियम अनुसार गाउँपालिकाको सिफारिसमा बालिकालाई एकमुष्ठ भुक्तानी गरिने बताउनुभयो। सम्झौतापत्रमा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा र निजहरुले रिफर गरेका स्वास्थ्य संस्थामा छोरी जन्मिएकालाई मात्र यो बीमा योजनामा आबद्ध गराउनुपर्ने छ।

कार्यक्रम अन्तर्गत गाउँपालिकाभित्रका बासिन्दालाई मात्र समावेश गराउनुपर्ने छ। बीमा कम्पनी र पालिकाबीचमा भएको सम्झौता अनुसार एकमुष्ठ २० वर्षका लागि गाउँपालिकाले बीमा गरेको र बालिकाको २० वर्ष अगावै विवाह भएमा उक्त रकम गाउँपालिकाकै खातामा जम्मा हुने अर्थात अविवाहितको सिफारिस लिएर आउनुपर्ने सम्झौतामा शर्त राखिएको छ।

गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ को बजेटमा बालिका बीमाका लागि रु २५ लाख बजेट विनियोजन गरेको छ।रासस

# मोबाइलको लतबाट हटाउन बालबालिकालाई 'फन पार्क'

**दसैंतिहार पर्वको अवसरमा सबै विद्यालय बन्द छन्। बालबालिका स्कुल बिदा भएकाले घरमै बस्न बाध्य छन्। बालबालिकालाई भुलाउने र खेलाउने थलो खोज्दै अभिभावकले फन पार्क रोज्नुभएको छ।**

काठमाण्डु। 'की मोबाइल खेल्न दिनु, नभए घुमाउन लैजानु' भनेर छोराले दुई सर्त राखेपछि पुतली सडककी जेनी बुढाथोकीले घुमाउन ठिक ठान्नुभयो। मोबाइल मात्रै रोइरहेको छोरालाई लिएर उहाँ नजिककै भृकुटिमण्डपस्थित काठमाडौं 'फन पार्क' पुग्नुभयो।

फन पार्कमा थुप्रै खेलौनासँग खेल्दा खेल्दै छोराले मोबाइल बिर्सिएपछि बुढाथोकी भन्नुहुन्छ, "मोबाइल हेर्नुभन्दा त फन पार्कमा खेलाउनु नै ठिक नि।" दसैंतिहार पर्वको अवसरमा सबै विद्यालय बन्द छन्। बालबालिका स्कुल बिदा भएकाले घरमै बस्न बाध्य छन्। बालबालिकालाई भुलाउने र खेलाउने थलो खोज्दै अभिभावकले फन पार्क रोज्नुभएको छ। डिल्लीबजारकी लक्ष्मी श्रेष्ठ अचेल नातिनातिनीलाई घुमाउन फन पार्क र बाल उद्यान पुग्नुहुन्छ। दसैंतिहार पर्वमा एक महिनाको स्कुल बिदा भएकाले दिनभरी बालबालिकालाई खेलाउन उहाँलाई बाल उद्यान खोज्नु परेको हो।

कोठामा राख्दा राख्दै केटाकेटीले खाली मोबाइल र टेलिभिजनमा भुल्मिने बानीदेखि जोगाउन उहाँले पनि फन पार्क घुमाउन आउने गरेको बताउनुभयो। भृकुटिमण्डपस्थित फन पार्कमा नातिनातिलाई खेलाउँदै गर्नुभएकी श्रेष्ठले खुला चौर र प्रशस्त खेल्ने स्थानको अभाव भएको हुँदा बालबालिकालाई फन पार्क ल्याउनु परेको सुनाउनुभयो। "घर वरिपरि खेल्ने न आँगन छ न चौर नै", उहाँले भन्नुभयो, "कोठामा थुनिरहनुभन्दा फन पार्क घुमाउन आउँछु।"

शान्तिनगरकी भगवती महर्जनलाई सात वर्षे छोराको मानसिक र शारीरिक



विकासमा निकै चासो छ। स्कुल बिदाको समयमा उहाँ जति सक्दो धेरै छोरासँग खेल्न र खेलाउन रुचाउनुहुन्छ। "फन पार्कमा आउँदा म पनि बच्चा जस्तै हुन्छु", उहाँले भन्नुभयो,"पर्वको बेला परिवार र छोराछोरीलाई भरपुर समय दिने मन हुन्छ।" महर्जनले भने जस्तै, बानेश्वरका संजोग जैशीले जागिरको व्यस्तता छिचोल्दै १० वर्षको छोरी लिएर फन पार्कमा रमाउन आएको बताउनुभयो। स्कुल हुँदा छोरी र बुबाको भेटघाट नै मुस्किलले हुने गर्ने बताउँदै उहाँले छुट्टीमा सकभर छोरीलाई खेलाउने योजना रहेको बताउनुभयो।

"बिहानै स्कुल पुग्ने छोरी बेलुका कामबाट फर्किँदा निदाइसकेकी हुन्छिन्", उहाँले भन्नुभयो, "स्कुल बिदा भएपछि खुसीले फुर्किएकी छोरी घुमाउने अभिभावकको जिम्मेवारी महसुस भएको छ।" जैशीले छोरीलाई खानपिन र किनमेलमा भन्दा पनि धेरैभन्दा फन पार्कमा खेलाउन उपयुक्त हुने बताउनुभयो। फन पार्कमा खेल्दा बाहिरी मौसम नियाल्दै थुप्रै जीवन उपयोगी ज्ञान आर्जन गर्न सकिने उहाँको बुझाइछ।

यस्तै बागबजारकी सम्झना कार्कीको अहिले पूरै समय दुई छोराकै लागि छुट्याउनुभएको छ। चाडपर्वमा एक महिना स्कुलले बिदा दिएपछि उहाँ छोराछोरीप्रति झनै व्यस्त हुनुभएको हो। स्कुल बिदामा अभिभावकले बालबालिकालाई खुसी बनाइराख्न विभिन्न उपाय अपनाउनुपर्छ। जसमा कार्कीले फन पार्कमा खेलाएरै उनीहरुलाई रमाइलो गराउने गरेको उहाँले बताउनुभयो।

"समयले भ्याएसम्म बाल उद्यान (खेल्ने ठाउँ) लैजान्छु", उहाँले भन्नुभयो,"केटाकेटी खुसी भए, हामी अभिभावक यसै खुसी भईदोरहेछ।" उहाँका अनुसार काठमाडौंमा बालबालिकाले खेल्ने प्रशस्त बालमैत्री उद्यान नभएको गुनासो छ। रत्नपार्क र काठमाडौं फन पार्क बाहेक अन्य बालमैत्री उद्यानको अभाव रहेको उहाँले सुनाउनुभयो।

पर्वको अवसरमा झन्डै एक महिना स्कुल बिदा भएपछि फन पार्कमा बालबालिका खेल्ने र घुम्न आउने संख्या बढेको काठमाडौं फन पार्कका कर्मचारी राजकुमार खत्रीले बताउनुभयो। उहाँका अनुसार अरु बेला शनिबार बालबालिकाको बढी घुइँचो लाग्ने गर्थ्यो भने अहिले हरेक दिन बालबालिका आउन थालेका छन्। दसैंतिहार पर्वमासमेत फन पार्क खुला हुने उहाँले बताउनुभयो।

दसैंतिहार पर्व मनाएपछि रमाइलो गर्न चाहने बालबालिकाका लागि फन पार्कमा खुला हुने गरेको उहाँले जानकारी दिनुभयो। विगतको अनुभव सुनाउँदै दसैंको टीका लगाएर अभिभावकले छोर छोरी फन पार्कमा खेलाउन ल्याउने गरेको खत्रीले बताउनुभयो। "सानादेखि ठूलाले पर्वमा फन पार्क आएर रमाइलो गर्नुहुन्छ," उहाँले भन्नुभयो,"काठमाडौं बाहिर जानेहरुको सङ्ख्या धेरै भएकाले पर्वको बेला चाप भने कमै हुन्छ।"

दसैंतिहार जस्ता चाडपर्वमा बालबालिकाले देखेर, सुनेर र अनुभव गरेर धेरै बाहिरी ज्ञान आर्जन गर्न सक्ने डा अरुण कुँवरले बताउनुभयो। यसका लागि परिवार र आफन्तले बालबालिका अनुकुल समय दिनु आवश्यक छ। छोराछोरीको व्यक्तित्व विकास गर्न र सामाजिक अन्तरघुलन स्वभाव उजागर गराउन अभिभावकले सकेसम्म घरबाहिरै खेलाउन उपयक्त हुने उहाँको धारणा छ। "बाहिर जति केटाकेटी खेल्छन्, उति मोबाइल जस्ता डिजिटल लतबाट टाढिन सजिलो हुन्छ," डा. कुँवरले भन्नुभयो।रासस

# कृषि सङ्कलन केन्द्र स्थापना

खोटाङ। केपिलासगढी गाउँपालिकाले किसानले उत्पादन गरेका कृषि उपज खेर जान नदिन कृषि सङ्कलन केन्द्र स्थापना गरेको छ। कृषि उत्पादनलाई पहिलो प्राथमिकतामा राखेको उक्त गाउँपालिकाले गत वर्ष विनियोजन गरेको रु २० लाख लगानीमा गाउँपालिकाको कृषि शाखासँगै जोडिएको कार्यालय भवनमा कृषि सङ्कलन केन्द्र स्थापना गरेर सञ्चालनमा ल्याएको हो।

गाउँपालिका क्षेत्रभित्र कृषि उत्पादनमा वृद्धि गर्न, उत्पादन भएका कृषि उपजको बजार सुनिश्चित गर्न तथा समग्र कृषि क्षेत्रकै विकास गरी कृषकको आयआर्जनमा वृद्धि गर्न कृषि सङ्कलन केन्द्र स्थापना गरिएको गाउँपालिकाका प्रमुख समीर राईले जानकारी दिनुभयो। "कृषकको कृषि उपजले बजार नपाएको खण्डमा गाउँपालिकाले तोकेको मूल्यमा कृषि खरिद गर्ने, खरिद गरेर सङ्कलित कृषि उपजलाई अन्य स्थानमा सप्लाई गरिदिन्छौं", उहाँले भन्नुभयो, "आगामी दिनमा कृषकको कृषि उपज बजार नपाएर कुहिँदैन, गाउँपालिकाले खरिद गर्छ, कृषकले त्यसको मूल्य पाउँछ।"

सङ्कलन केन्द्रमा जम्मा भएका अकबरे खुर्सानीलाई अचार, रायो सागलाई गुन्द्रुक, आलुलाई चिप्स, पिँडालुलाई



सुकुटीलगायत परिकार बनाएर बिक्री गर्नेगरी कृषि सङ्कलन केन्द्र स्थापना गरिएको गाउँपालिकाले जनाएको छ। कृषि सङ्कलन केन्द्रमा सङ्कलित कृषि उपजलाई राजधानी काठमाडौंलगायत सहरसँग समन्वय गरेर निर्यात गर्नेसम्मको योजना बनाइएको गाउँपालिकाले जनाएको छ।

कृषि सङ्कलन केन्द्र स्थापना गर्नुअघि गाउँपालिकाले ५९ किसिमका कृषि उपजको मूल्य निर्धारण गरेको थियो। फरकफरक मौसममा फरकफरक मूल्य राखेर कृषि उपजको मूल्य निर्धारण गरेपछि सङ्कलन केन्द्र स्थापना गरिएको हो। अन्नबाली, सागसब्जी, फलफूल, दलहन तथा तेलहनलगायत सबै कृषि उपजको मूल्य निर्धारण गरिएको कृषि शाखाले जनाएको छ। मूल्य निर्धारण गर्दा कृषकको परल मूल्यमा घाटा नहुनेगरी निर्धारण गरिएको जनाइएको छ।

गाउँपालिकाले सङ्कलन केन्द्र स्थापना गरेपछि बाक्सिला बजारमा लाग्ने हटियामा बिक्री नभएका कृषि उपज लिएर कृषक सङ्कलन केन्द्र पुग्न थालेका छन्। कृषकको परल मूल्यभन्दा केही प्रतिशत बढीमा बजारमा बिक्री नभएका कृषि उपज गाउँपालिकाले खरिद गर्न थालेपछि उनीहरु हर्षित भएका छन्।

सो गाउँपालिकाका कृषक यसअघिसम्म घरबाट बोकेर लगेका कृषि उपज बिक्री नभएपछि पुनः बोकेरै घर फर्काउनुपर्ने बाध्यतामा थिए। गाउँपालिकाका सबै वडामा कच्ची सडक पुगे पनि बाह्रै महिना यातायात सञ्चालन नहुँदा कृषकले उत्पादन गरेका कृषि उपज उनी आफैँले डोकामा बोकेर बिक्री गर्न लानुपर्ने बाध्यता छ। यसैबीच, गाउँपालिकाले तोरी उत्पादक कृषकलाई दिँदै आएको अनुदान कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छ। व्यावसायिक तोरीखेती गर्ने किसानलाई खेती गरेको जग्गाको क्षेत्रफल र उत्पादन भएको तोरीको मात्राका आधारमा अनुदान उपलब्ध गराउनेगरी सुरु गरिएको कार्यक्रम प्रभावकारी बन्दै गएपछि गाउँपालिकाले यस वर्ष पनि निरन्तरता दिएको हो।

व्यावसायिक तोरीखेतीका माध्यमबाट किसानलाई स्वरोजगार बनाउँदै आयातीत खाने तेललाई विस्थापित गर्ने लक्ष्यका साथ किसानलाई अनुदान दिने कार्यक्रम ल्याइएको गाउँपालिका उपप्रमुख गुरुराज राईले जानकारी दिनुभयो। "किसानलाई व्यावसायिक रुपमा तोरीखेती गर्न उत्प्रेरित गर्ने, तोरीको उत्पादन बढाउने, बजारीकरण गर्ने र गाउँपालिकालाई खाने तेलमा आत्मनिर्भर बनाउने लक्ष्यका साथ तोरी किसान अनुदान कार्यक्रम अघि सारिएको हो", उहाँले भन्नुभयो, "गाउँपालिकाको गौरवको योजनाका रुपमा ल्याइएको तोरीखेती प्रवर्द्धन कार्यक्रमले कृषकको आयआर्जनमा टेवा पुग्नाका साथै वातावरण सन्तुलनमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।"

गाउँपालिकाको अनुदान पाउन किसानले कम्तीमा तीन रोपनी जग्गामा तोरीखेती लगाउनुपर्ने जनाइएको छ। व्यावसायिक तोरीखेती गर्ने कृषकले अनुदान पाउनका लागि कम्तीमा दुई मुरी तोरी उत्पादन गर्नुपर्ने कार्यविधिमा उल्लेखगरिएकोछ।गाउँपालिकाको अनुगमन तथा मूल्याङ्कन समितिको सिफारिसका आधारमा कृषक, कृषि फार्म र कृषक समूहलाई बैङ्क खातामा अनुदान उपलब्ध गराइँदै आएको छ। तोरीखेती प्रवर्द्धनका लागि गाउँपालिकाले अनुदान कार्यक्रम लागू गरेपछि कृषकसमेत उत्साहित भएका छन्।रासस

# अमेरिकी डलरको भाउ घट्दा यूरोको बढ्यो

काठमाण्डु। नेपाल राष्ट्र बैंकले बुधवारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार बुधवार अमेरिकी डलरको भाउ घट्दा युरोपियन यूरोको विनिमय दर भने बढेको छ।

मङ्गलबार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ सात पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६७ पैसा कायम भएकामा आज खरिददर एक सय ३४ रुपैयाँ पाँच पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ६५ पैसा कायम भएको छ।

साथै हिजो युरोपियन युरो एकको खरिददर एक सय ४७ रुपैयाँ ११ पैसा र बिक्रीदर एक सय ४७ रुपैयाँ ७७ पैसा रहेकामा बुधबारका लागि भने खरिददर एक सय ४७ रुपैयाँ २१ पैसा र बिक्रीदर एक सय ४७ रुपैयाँ ८७ पैसा कायम भएको छ।केन्द्रीय बैंकका अनुसार युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ५२ पैसा र बिक्रीदर एक सय ७६ रुपैयाँ ३० पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५६ रुपैयाँ ५७ पैसा र बिक्रीदर एक सय ५७ रुपैयाँ २७ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९० रुपैयाँ २८ पैसा र बिक्रीदर ९० रुपैयाँ ६८ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ २७ पैसा र बिक्रीदर ९८ रुपैयाँ ७१ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय दुई रुपैयाँ ८९ पैसा



र बिक्रीदर एक सय तीन रुपैयाँ ३५ पैसा निर्धारण गरिएको छ।

जापानी येन १० को खरिददर नौ रुपैयाँ ० पैसा र बिक्रीदर नौ रुपैयाँ ० पैसा, चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ एक पैसा र बिक्रीदर १९ रुपैयाँ नौ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ७० पैसा र बिक्रीदर ३५ रुपैयाँ ८६ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७७ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९३ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ एक पैसा र बिक्रीदर चार रुपैयाँ तीन पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ५० पैसा र बिक्रीदर ३६ रुपैयाँ ६६ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ २७ पैसा र बिक्रीदर ३१ रुपैयाँ ४१ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ९५ पैसा र बिक्रीदर १० रुपैयाँ, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ९७ पैसा र बिक्रीदर १३ रुपैयाँ ०३ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ७४ पैसा र बिक्रीदर १९ रुपैयाँ ८३ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ २४ पैसा र बिक्रीदर १७ रुपैयाँ ३२ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ ३६ पैसा र बिक्रीदर चार सय ३९ रुपैयाँ ३१ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ५५ पैसा र बिक्रीदर तीन सय ५७ रुपैयाँ १४ पैसा निर्धारण गरेको छ।

भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ। राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।रासस

# बाढीले ५० लाख बराबरको केरा नोक्सान

इनरुवा। सुनसरी सदरमुकाम इनरुवा-४ का विनोद मेहताले दुई बिघा केराखेती गर्नुभएको थियो। सुनसरी खोलामा हालै आएको बाढीले केराखेतीमा क्षति पुऱ्याएपछि उहाँ चिन्तित हुनुहुन्छ। उहाँले भन्नुभयो" आफ्नै जग्गामा प्रति बिघा आठ लाखको लागतमा केरा लगाएको थिए।

दुईबिघा मध्ये १३ कठ्ठा केरा खेतीमा क्षति भयो। केरा खेतीबाट छदपर्वमा सममा १० देखि १२ लाखसम्म आम्दानी लिने लक्ष्य राखेको थिए। बाढीले क्षति गरेपछि ठूलो नोक्सानीको सामना गर्नुपरेको छ।" उहाँले भारतको मदरासबाट मदरासी(चिनिचम्पा) जातका केराको बीउ ल्याएर लगाउनुभएको थियो।

यही असोज ११ र १२ गते वर्षासँगै आएको बाढीले केराखेती कटान गरेर लानुका साथै पानी जमेकाले केरा सुकन



थालेको उहाँले बताउनुभयो। बाढीका कारणले सुनसरी सदरमुकाम इनरुवासहित जिल्लामा ५० हेक्टर क्षेत्रफल केरा खेती नष्ट भएको तथ्याङ्क प्राप्त भएको कृषि ज्ञान केन्द्र इनरुवा सुनसरीका प्रमुख निलकमल सिंहले जानकारी दिनुभयो।

बाढीले रु ५० लाख बराबरको केरा खेतीमा क्षति भएको उहाँले बताउनुभयो। बाढीले सुनसरी सदरमुकाम इनरुवासहित भोक्राहा, हरिनगर, देवानगन्ज गाउँपालिकामा लगाएको केरा खेतीमा क्षति भएको छ। हावाहुरीका कारण क्षति पुगेको केराखेतीमा सरकारले क्षतिपूर्तिबापत सहयोग गर्नुपर्ने स्थानीय किसानले बताएका छन्। यसवर्ष केरा खेतीमा दैवीप्रकोपले ठूलो नोक्सानी पुऱ्याएका कारण बजारमा केरा अभाव हुनसक्ने औंकलन गरिएको छ भने मूल्य बढ्ने औंकलन गरिएको छ। सुनसरीमा पाँच सय १० हेक्टर क्षेत्रफलमा केराखेती हुँदैआएको छ।रासस

# कैलालीका किसानलाई धानबाली भित्र्याउन व्यस्त

कैलाली। कैलालीका किसानलाई यतिबेला खेतमा पाकेको धानबाली भित्र्याउन भ्याइनभ्याइ भएको छ। किसानले वर्षाको समयमा रोपेको धानबाली एकातिर खेतबारीमा लटरम्म पाकेर तयारी अवस्थामा छ भने अर्कातिर दैनिकजसो मौसममा फेरबदल देखिन थालेपछि उनीहरुलाई धानबाली भित्र्याउन भ्याइनभ्याइ भएको छ।

धनगढी उपमहानगरपालिका-२ भन्सार कटानका किसान नरबहादुर विष्टले खेतमा धान लटरम्म पाकेर बाली भर्ने अवस्थामा पुगेको र मौसममा पनि कतिखेर बादल लाग्न थालेपछि आफूले वर्षभरिका लागि जोहो गरेर खाने अन्न बिग्रिने भन्दै चिन्ता व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो,"हिजोआज घरको सबै काम छोडेर खेतमै बढी समय बित्ने गरेको छ, झिसमिसे अध्याँरो समयसम्म खेतमै हुन्छौं र बिहान पनि सबेरै खेतमा जान्छौं।" केही दिनदेखि बादल लाग्ने



पानी पर्ने जस्तो मौसम देखिन थालेपछि लगानी र परिश्रम खेर जाने हो की भन्ने यहाँका अधिकांश किसानका मनमा एक किसिमको चिन्ता हुन थालेको छ।

खेतमा धान काट्दै गरेका धनगढीको बडहराका किसान सुकराम चौधरीले मौसम खराब देखिन थालेपछि राति अबेरसम्म पनि धान भित्र्याउनका लागि थ्रिसरको पालो कुर्नुपरेको दुखेसो पोख्नुभयो। धान थ्रिसर गर्नका लागि पालो पर्खदासमेत धान थ्रिसर गर्ने किसानको चापका कारण मेसिन नपाएर फर्कनु परेको उहाँले बताउनुभयो।हातैले धान काट्ने र धानको मुठा चुटेर परम्परागत तरिकाले धान भित्र्याउने गरेका किसानसमेत यतिबेला मौसमी गडबडीका कारण आधुनिक उपकरण प्रयोग गरि धान भित्र्याउन लागि परेका छन्।

किसानहरु पहिले एकअर्कासँग पालोपैचो तथा पर्मा गर्दै हातैले धान काट्ने, चुट्ने र भित्र्याउने गर्दथ्ये भने हिजोआज ती परम्परा विस्थापित हुन थालेका छन्। नेपालीहरुको महान चाड बडादसैं सुरु भइसकेको छ। दसैंको टीकाको दिन आउन तीन दिन मात्रै बाँकी छ। तैपनि यहाँका किसान मौसममा गडबडी देखिन थालेपछि दसैंलाई व्यावस्था गर्दै उनीहरु खेतमा पाकेको धानबाली भित्र्याउँन आ-आफ्ना खेतमा साना देखि ठूला घरपरिवारका सबै सदस्यहरु जुटेको पाइन्छ। केही थोरै खेत हुने साना किसानहरुले त धान काटेर थ्रेसर गरेर घरमा भित्र्याइसका छन। किसानका खेतमा यसवर्ष सर्जु, मन्सुली, भालेमन्सुली, राधा-४ लगायतका विभिन्न उन्नत धानका जात बढी मात्रामा देखिन्छन्।रासस

# साधारण सदस्यता सार्वजनिक गर्न माग गर्दै तालाबन्दी

**टुडे समाचारदाता**

जनकपुरधाम । गंगा सागर छठ पूजा समितिमा विवाद हुँदा तालबन्दी गरिएको छ ।

जनकपुरधामस्थित गंगा सागर तलाउ पुर्वारी डिलमा रहको गंगा सागर छठ पूजा समितिमा तालाबन्दी गरिएको छ ।

सो समितिमा निर्वाचन भएको डेढ वर्ष वितिसक्दा साधारण सदस्यको यकिन विवरण सार्वजनिक नगरेको र छठ पूजाका लागि गठन गर्नुपर्ने विभिन्न समिति गठनमा पनि अध्यक्षले आलटाल गरेको भन्दै तालाबन्दी गरिएको समितिका एक पदाधिकारीले जानकारी दिए ।

उनले साधारण सदस्यताको यकिन विवरण पारदर्शी नगरेसम्म तालाबन्दी यथावत रहने समेत बताए ।

बडाशर्दैं, तिहारपछि हुने छठ पूजाको तयारीका लागि अहिले देखि नै आन्तरिक गर्नुपर्ने भन्दै यसप्रति आफूहरु गम्भीर भएको एक पदाधिकारीले बताए ।




# राजविराजका व्यापारी आन्दोलित



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजमा स्थानीय प्रशासनको सक्रियतामा अनुगमन हुँदा व्यवसायीहरुले विरोध गरेका छन् ।

अनुगमनको विरोधमा बजार बन्द गर्दै राजविराजका व्यापारी आन्दोलित भएका छन् । दशैं पर्वका बीचमा व्यापारीहरुले राजविराजको मिनी मार्केट अगाडि सडक अवरुद्ध गर्दै टायर बालेर व्यापारीहरुले प्रदर्शन गरेका छन् ।

बुधबार दिउँसो भगवती मन्दिर रोडमा रहेको गोपाल एण्ड वजरंग ट्रेर्डसमा कर कार्यालय, स्थानीय प्रशासन र उद्योग वाणिज्य संघका प्रतिनिधिहरुको टोलीले अनुगमन गर्दा खुकुरी चुरोटको बट्टामा आन्तरिक राजस्व कार्यालयको नक्कली स्टिकर टाँसिएको भेटिएपछि चुरोट नियन्त्रणमा लिएको थियो ।

प्रदर्शनकारी व्यापारीहरुले सीमामा तस्करी रोक्न प्रहरी प्रशासन असफल भएको भन्दै तस्करी रोक्नुपर्ने मागसमेत गरेका छन् । उनीहरुले प्रहरीकै मिलेमतोमा तस्करी हुने र ती सामान व्यापारीले किन्दा अनुगमन समितिले पक्राउ गरी दुःख दिने गरेको आरोप लगाएका छन् ।

दशैंमा बजार बन्द हुँदा सेवाग्राही भने प्रभावित भएका छन् ।

# ‘सबै खराब मात्र भन्ने हुँदैन’

**ज्योति झा**

जनकपुरधाम । हिन्दु धर्मावलम्बीको महान पर्व मध्ये विजयादशमीमा नौं दिन दुर्गा माताको विभिन्न स्वरुपको पूजाअर्चना गरिन्छ ।

विजया दशमीमा मिथिलामा अधिकांश घरमा कलश र जमरा स्थापित गरिने चलन छ । महिला पुरुष मातालाई प्रसन्न गर्न ब्रत बस्ने गर्छन् । नवरात्रीमा प्रायः घरमा लसुन प्याज पनि सेवन गर्दैनन् ।

मधेश प्रदेशको राजधानी जनकपुरधाम ५२ कुट्टी ७२ कुण्डको रुपमा रहेको छ । नवरात्री, दिपावली, छठ, विवाहपञ्चमी र परिक्रमा धुमधाम साथ मनाइन्छ । जनकपुरधाममा नवरात्रा प्रारम्भसँगै विभिन्न मठमन्दिर र शक्तिपीठमा विशेष भीड लाग्छ । स्थानीय अन्नपूर्णा माई, बौद्धीमाई, पिडरियामाई, दक्षिणकाली, सोनासती, फुलेश्वरी माईलगायत सबै शक्तिपीठहरूमा बिहानदेखि रातिसम्म व्यापक भीडभाड हुन्छ । त्यति मात्र नभइ मुरली चोकमा लामो समयदेखि माताको प्रतिमा पनि बनाइन्छ । जनकपुरधामको प्रायः चोकमा दुर्गा माताको प्रतिमा बनाई पुजाअर्चना गरिन्छ । भने दुलही झैँ चोकचोक साज सजा गरिएको हुन्छ । यस समयको वातावरणमा अलग किसिमको अनुभूति हुने गरेको छ । रंगविरंगको अगरबत्ती, धुप, कर्पुरको बासनाले मन र जीवन तृप्त भएको अनुभुति हुन्छ ।

यसैबीच लामो समयदेखि एउटा आवाज उठिरहेको राजदेवी मन्दिरमा महिलाको प्रवेश गर्न पाउने पर्ने भन्दै आन्दोलन पनि हुँदै आएको छ ।

तर परम्परा र संस्कृतिलाई मध्यनजर गर्दै लामो समयदेखि महिला प्रवेशमा रोक लगाइएको हामीले भोग्दै आएका छौँ ।

यसै विषयमा मन्दिरका महन्त राम गिरी भन्छन्, ‘त्रेतायुगमा राजा जनकको कुलदेवीका रुपमा पुजिँदै आएकी राजदेवीको मन्दिरमा परापूर्वकालमा पूजा गर्न एक महिला मन्दिरको भित्री भागमा प्रवेश गरेको र उनी बेपत्ता भएको धार्मिक विश्वास रहेका छ । सो मन्दिरमा महिलाको प्रवेशमा रोक लगाइए पनि माताको गृहभित्र प्रवेश गर्ने मूल द्वार छेउमा रहेको झ्यालबाट भने महिलालाई दर्शन गर्न नदिए पनि पूजाआजा भने गर्न दिँदै आएको छ ।

रजश्वला भएकी महिला पनि पूजाका लागि आउने गरेकाले मन्दिरमा महिलाको प्रवेशमा रोक लगाइएको उनले भने । तान्त्रिक विधिमा पूजा हुने भएकाले पनि महिलालाई मन्दिरमा प्रवेश गर्न रोक लगाइएको छ ।

परम्परा छाडेर अहिलेसम्म कुनै पनि महिलाले सो अवधिभर भित्र प्रवेशका लागि कसैले आवाज पनि उठाएका थिएनन् ।

महन्त गिरी भन्छन्, ‘वि.सं २०२० तिर महन्त नरेशानन्द गिरीले यहाँको बलिप्रथा रोकेर बली नचढाउँदा उनलाई अनिष्ट भए पछि क्षमापूजा गरी बली चढाइएको थियो ।’

तर अधिकारकर्मीले महिलालाई दोस्रो दर्जाको नागरिक बुझिएकोले जानेरै रोक लगाइएको बताउने गर्छन् । अहिले त महिनावारीलाई पनि स्वच्छ हो, यो अन्धविश्वास हो भनेर कुराहरु उठ्दैछन् । धेरैले मानिरहेका पनि छन् । कसैले मान्दैन पनि । धेरै यस्ता शक्तिपीठ छन्, कहीँ महिला त कहीँ पुरुषलाई प्रवेश निषेध गरिएको छ ।



जस्तै भारतको असममा रहेको कामाख्या मन्दिरमा रजश्वला उत्सव मनाइन्छ । त्यसबेला मन्दिरमा पुरुषको प्रवेशमा रोक लगाइन्छ । त्यसबेला केवल महिला सन्त तथा सन्यासीले मात्र मन्दिरमा पूजा गर्छन् । भारतको मवाली माता मन्दिर (धमतरी, छत्तिसगढ) जहाँ महिलाका लागि ‘नो इन्ट्री’ बोर्ड झुण्डिएको छ । विमला खण्ड शक्तिपीठ (जगन्नाथ मन्दिर, पुरी, ओडिसा) जहाँ बडादशैँसम्म महिलाको प्रवेश वर्जित छ । राजस्थानको रणकपुर जैन मन्दिरमा रजस्वला महिलाका लागि प्रष्ट सन्देश लेखिएको छ- मासिक धर्मको दौरान प्रवेश वर्जित छ ।

भारतको राजस्थानस्थित पुष्करमा रहेको ब्रम्हा मन्दिर विश्वको एकमात्र मन्दिर हो । यो १४ औं सताब्दीमा बनेको हो । सो मन्दिरमा विवाहित पुरुषलाई प्रवेशमा बर्जित छ । भारतको तमिलनाडुस्थित कन्याकुमारी सहरमा रहेको भगवती मन्दिरमा पनि विवाहित पुरुषलाई जान निषेध छ । त्यति मात्र होईन बिहारको मुजफ्फरपूरमा रहेको माता मन्दिरमा पनि वर्षका केही दिन विशेष पूजाका बेला पुरुषको प्रवेश निषेध गरिन्छ र महिलाहरु मात्र मन्दिरमा जान्छिन् ।

> अधिकारकर्मीले महिलालाई दोस्रो दर्जाको नागरिक बुझिएकोले जानेरै रोक लगाइएको बताउने गर्छन् । अहिले त महिनावारीलाई पनि स्वच्छ हो, यो अन्धविश्वास हो भनेर कुराहरु उठ्दैछन् । धेरैले मानिरहेका पनि छन् । कसैले मान्दैन पनि । धेरै यस्ता शक्तिपीठ छन्, कहीँ महिला त कहीँ पुरुषलाई प्रवेश निषेध गरिएको छ ।

पुरुष र महिला दुबैको आ-आफ्नो विशेष र खास स्थान छ । केही ठाउँ मन्त्र पूजा पुरुषलाई वर्जित छ भने केही महिलाका लागि पनि वर्जित छ । तर नवरात्रा आउने वित्तिकै राजदेवीमा महिला प्रवेशको कुरा उठ्न थाल्छ । कसैले समर्थन गर्छ भने कतिले राजदेवीमा महिलालाई प्रवेशमा रोक लगाउनुलाई अपमान, अन्धविश्वासको संज्ञा पनि दिन्छन् ।

यसै सन्दर्भमा नेतृ विन्दु ठाकुर भन्छिन्, ‘यो विभेद होइन । परापूर्वकालदेखि चल्दै आएको छ । हाम्रो बाबा पुर्खाले केही सोचेर नै गरेका होलान् । यो परम्परा यथावत रहँदा राम्रो । त्यसलाई तोड्नु आधुनिकता हो । आदिकालमा महिला पुरुष दुवै जान्थ्यो जंगल, तर महिला गर्भवती हुन्थिन्, समस्यामा पर्थिन् त्यहीँ भएर महिलालाई सुरक्षित रहोस् भनेर रोकिएको हो । किनभने महिला सुरक्षित अर्थात् उसको पेटमा पलिरहेको शिशु सुरक्षित घर परिवार सुरक्षित । म राजनीतिमा जुटेकी छु, अधिकारको लागि आन्दोलन पनि गरेकी छु । तर धर्म परम्परासंग खेलवाड यो म मान्दिन । न स्वीकार्छु । महिलाका लागि धेरै ठाउँ छन्, जहाँ अधिकार छ । लड्न भनिएको छ । तर हरेक ठाउँमा अधिकार जमाउनु राम्रो होइन । केही कुरा हाम्रो हितका लागि पनि छन् ।’

अभियानी रुबी झा भन्छिन्, ‘मन्दिर जस्तो पवित्रस्थलमा जातीयता र लिंगको आधारमा विभेद गरिनु पितृसतात्मक सोचलाई उजागर गर्नु हो । माताको पुजा गर्ने र माताकै स्वरूप नारीलाई मन्दिर जान नदिनु नारीको अपमान हो ।’

त्यस्तै सप्तरी राजविराजका नन्दन झा भन्छन्, ‘ भारतमा यस्ता केही मन्दिरहरु छन् जहाँ पुरुषहरुले प्रवेश पाउँदैनन् । ती मन्दिरमा केवल महिलाहरु मात्रै प्रवेश गर्दछन् । भारतको असममा रहेको कामाख्या मन्दिरमा रजश्वला उत्सव मनाइन्छ । त्यसबेला मन्दिरमा पुरुषको प्रवेशमा रोक लगाइन्छ । अनि हामी पुरुष पनि भनौं हाम्रो अपमान हो त ?’

उनले भने, ‘हाम्रो सनातन धर्म संस्कृति परम्परा मान्ने हो भने त्यस अनुसार चल्नु पनि पर्छ । महिला पुजनीय छन् । तर, महिला सीता र सुपनेखा दुइटै हुन् । तपाई आफूलाई सोध्नुस् कसको पुजा गर्नु हुन्छ । अहिले न परम्पराको अनुशरण गरिन्छ, न आफूलाई आधुनिक पश्चिमी सभ्यतामा उत्रेको स्वीकार गरिन्छ । मान्छे दोधारमा छन् । सायद अब हामी पुरूषले पनि हरेक कुरामा आवाज उठाउनु पर्छ । हाम्रो लागी पनि पुरुष अधिकारर्मी चाहिन्छ ।’

त्यस्तै पण्डित अशोक झा भन्छन्, ‘पुरुषको तुलनामा महिला भावुक हुन्छन् । अर्को कुरा पुरुष जति महीला शुद्ध हुदैंनन् । अशुद्धताका कारण पनि महिलालाई रोक छ । कतिले सवाल गर्ला महिलालाई अशुद्ध भनियो । मानिसका जम्मा १० इन्द्रीयमध्ये आँखा, नाक, कान, छाला तथा जिब्रो गरी ५ ज्ञानेन्द्रिय र गुदा, लिङ्ग, हात, खुट्टा तथा वाणी गरी ५ कर्मेन्द्रिय हुन्छन् । नाइटो माथिका इन्द्रिय आँखा, नाक, कान, हात तथा जिब्रो पवित्र तथा नाइटोमुनिका इन्द्रिय गुदा, लिङ्ग तथा खुट्टा आदि तथा शरीरबाट उत्सर्जन हुने मल-मूत्र, विष्ठा, पसिना, खोट आदि अपवित्र मानिएको छ ।’

नारी पूज्यनीय छन्, धर्मशास्त्रले नारीलाई आदिशक्ति मानेको छ । समाजका हरेक कर्मकाण्डमा दम्पतीसहित हुनुपर्ने प्रावधानले पनि नारी र पुरुषलाई समान स्थान दिएको स्पष्ट हुन्छ । सीमित कर्मको विधि विधानको आधारमा लैङ्गिक भेदभाव भयो भनेर व्याख्या गर्नु न्यायसंगत तर्क हुन सक्दैन ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८